
संयुक्त राष्ट्रसंघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

# खोज पत्रकारिताका लागि सूचनाको हक



## हाते पुस्तक

परियोजना सहयोग
युरोपियन युनियन

ISBN: 978-9937-8446-8-0

# खोज पत्रकारिताका लागि सूचनाको हक

# खोज पत्रकारिताका लागि सूचनाको हक
## (हाते पुस्तक)

**प्रकाशक** : संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), काठमाडौं कार्यालय

**लेखक** : मोहन मैनाली

**समीक्षक** : डा. निर्मलमणि अधिकारी, निर्मला शर्मा

**संयोजन** : जेबी विश्वकर्मा, कार्यक्रम संयोजक–नागरिक सशक्तीकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजना

**सर्वाधिकार** : ©युनेस्को

यो हाते पुस्तिका सबैको पहुँच (ओपन–एक्ससेस)मा छ। आधिकारिक स्रोतका आधार (जस्तो: खोज पत्रकारिताका लागि सूचनाको हक/©युनेस्को)मा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ। स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ।

**कृतज्ञता** :

नागरिक सशक्तीकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजना अन्तर्गत प्रकाशित यस पुस्तिकाको विषयवस्तु र रुपरेखा तयार पार्न सहयोग गर्नुहुने लक्ष्मणदत्त पन्त र व्यवस्थापनमा सहयोग गर्नुहुने उषा खड्का गिरीप्रति युनेस्को काठमाडौं कार्यालय हार्दिक आभार व्यक्त गर्दछ। परियोजनालाई आर्थिक सहयोग गर्ने युरोपियन युनियन, परियोजना साझेदारहरू नेपाल पत्रकार महासंघ र सूचनाका हकका लागि नागरिक अभियानलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछ।

**आइएसबीएन** : ९७८-९९३७-८४४६-८-०

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भूभाग, शहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानुनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्कोको आधिकारिक विचार होइनन्। यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखक/अनुसन्धाताका विचार हुन्। उनीहरू युनेस्कोका आधिकारिक प्रतिनिधि नभएका कारण उनीहरूका विचारप्रति यो संस्था र परियोजना सहयोगी संस्था युरोपियन युनियन जवाफदेही छैनन्।

# प्राक्कथन

नेपाल सरकारले सुशासन र पारदर्शीताको अपेक्षासहित सूचनाको हकसम्बन्धी ऐन–२०६४ जारी गरेको छ वर्ष भएको छ । राज्यका कामकारबाही खुला र पारदर्शी बनाइ राज्यलाई नागरिकप्रति जवाफदेही बनाउन र नागरिकलाई सूचनामाथि सहजरूपमा पहुँच स्थापित गराउनका लागि सूचनाको हकसम्बन्धी कानुन निकै महत्त्वपूर्ण हुन्छ । सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले वि.सं. २०६५ मा स्वतन्त्र निकायका रूपमा राष्ट्रिय सूचना आयोग स्थापना गरेको छ । नेपालमा कानुनीरूपमा सूचनाको हकको ग्यारेन्टी गरिएको भएतापनि ऐन कार्यान्वयनमा भने निकै जटिलताहरू कायमै छन् ।

लोकतन्त्रको प्रवर्द्धन, सुशासन र पारदर्शिताका लागि सूचनाको हक अत्यन्तै महत्त्वपूर्ण औजार हो । तर नेपालका अधिकांश नागरिकहरूको सूचनामा सहज पहुँच पुग्न सकेको छैन भने सार्वजनिक निकायहरू पनि नागरिकलाई सूचना सहज रूपमा दिन तत्पर देखिँदैनन् । त्यसैगरी नागरिकलाई सूचना दिएर सशक्तीकरण गर्ने र नागरिकका विभिन्न सरोकारका विषय बाहिर ल्याएर राज्यलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाउने काममा पत्रकारिता जगतको भूमिका निकै महत्त्वपूर्ण हुन्छ। सूचनाको हक नागरिकको मौलिक हक हो, यद्यपि सार्वजनिक निकायमा भएका महत्त्वपूर्ण सूचनाहरूलाई सार्वजनिक गरेर राज्य र सरोकारवालाहरूलाई जवाफदेही बनाउने काममा खोज पत्रकारिताको अत्यन्तै सशक्त भूमिका रहन्छ । जनचासोका विषयमा नागरिकलाई सुसूचित गराउन र राज्य तथा सरोकारवालाहरूलाई नागरिकप्रति जवाफदेही बनाउनका लागि गरिने खोज पत्रकारिता गर्दा सूचनाको हकलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयको सैद्धान्तिक र व्यावहारिक पक्षलाई यस हाते पुस्तकमा समावेश गरिएको छ ।

सूचनाको हक र खोज पत्रकारिताबारे बुझ्न सघाउने यस हाते पुस्तकमा खोज पत्रकारिता, सूचनाको हक, सूचना लिने विधि र प्रक्रिया तथा सार्वजनिक निकायको दायित्वका बारेमा पनि बिस्तृत जानकारी समावेश गरिएको छ। यसले पत्रकारितामा सूचनाका हकलाई प्रयोग गर्न पत्रकारलाई सहयोग गर्ने अपेक्षा गरिएको छ ।

नागरिक सशक्तीकरण र सार्वजनिक निकायको जवाफदेहिताका लागि सूचनाको हक परियोजनाअन्तर्गत प्रकाशित यो हाते पुस्तक प्रकाशनका लागि सहयोग पुऱ्याएकोमा परियोजना साझेदार संस्थाहरू नेपाल पत्रकार महासंघ र सूचनाको हकका लागि नागरिक अभियानलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी परियोजनालाई आर्थिक सहयोग गर्ने युरोपियन युनियनप्रति आभार व्यक्त गर्दछु ।

**एक्सल प्लाथे**
कार्यालय प्रमुख तथा नेपालका लागि युनेस्को प्रतिनिधि

# विषयसूची


खोज पत्रकारिता........................................................................................१

नेपालमा खोज पत्रकारिताको अभ्यास.........................................................६

खोज पत्रकारिताका लागि सूचना सङ्कलन विधि.........................................१०

खोज पत्रकारका लागि सूचनाको हकको महत्त्व..........................................१३

सार्वजनिक निकायमा रहेका जानकारीसम्म पहुँच.......................................१५

सूचना प्राप्त गर्ने कार्यविधि..........................................................................१८

नेपालमा सूचनाको हकसम्बन्धी ऐनको उपयोग.........................................२४

जान्नै पर्ने केही कुरा..................................................................................२६

खोज पत्रकारितामा सूचनाको हकको प्रभावकारी उपयोग...........................२८

पत्रकारको सुरक्षा.......................................................................................३३

खोज पत्रकारको आचारसंहिता..................................................................३८

अनुसूची ..................................................................................................४४

सूचना माग्न, उजुरी गर्न र पुनरावेदन गर्न दिनुपर्ने निवेदनको ढाँचा....................४४

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ............................................................४७

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ..................................................६१

# खोज पत्रकारिता

## परिभाषा

पहिले समग्र पत्रकारितालाई नै खोज पत्रकारिता मानिन्थ्यो। समाचार खोज्नुलाई नै खोज भनिन्थ्यो। सबै रिपोर्टरलाई खोज रिपोर्टर मानिन्थ्यो, उनीहरूले तयार गरेका सबै सामग्रीलाई खोजपूर्ण सामग्री भनिन्थ्यो। एक हदसम्म यो विचार सही हो किनभने अखबार, टेलिभिजन र रेडियोका समाचारका लागि सूचना खोज्नै पर्छ।

खोज पत्रकारिताको यस परिभाषाले हाल प्रचलित खोज पत्रकारिताको व्याख्या गर्न सक्दैन। पत्रकारिता अघि बढ्दै जाँदा आजभोलि खोज पत्रकारितालाई पत्रकारिताको विशेष र महत्त्वपूर्ण विधा मानिएको छ। खोज पत्रकारले अरू पत्रकारले भन्दा बढी अनुसन्धान गर्नुपर्छ, खोजी गर्नुपर्छ। उसले धेरै थरीका मानिससँग कुराकानी गर्नुपर्छ। घटना/प्रक्रिया आफैँले अवलोकन गर्नुपर्छ। खोज पत्रकारले सामान्य समाचारमा समेटिनेभन्दा बढी जानकारी खोतल्नुपर्छ। यसले गर्दा खोज पत्रकारिता गर्न सामान्य रिपोर्टिङभन्दा बढी मेहनत पर्छ। खोजमूलक सामग्री बढी गहकिलो हुन्छ।

पत्रकारितासम्बन्धी किताब र तालिमहरूमा खोज पत्रकारिताको पालो अलि पछि आउने गर्छ। खोज पत्रकारिताभन्दा पहिले समाचार, बिट रिपोर्टिङ, फिचर लेखन आदि जस्ता विषयमा चर्चा गरिन्छ। खोज पत्रकारिताको अध्याय सुरु गर्दा प्रायः यस्तो भन्ने गरिन्छ : यसअघि जे जति चर्चा गरियो ती सबै खोज पत्रकारिताका अभिन्न अङ्ग हुन्। अर्थात् ती काम नगरिकन खोज पत्रकारिता हुँदैन। ती काममा मात्र सीमित हुँदा खोज पत्रकारिता हुँदैन।

उल्मान र क्याल्बर्ट (सन् १९८३, पृ. vii) का अनुसार, खोज पत्रकारिता हुन तीनवटा आधारभूत तत्त्व हुनुपर्छ :

क. अनुसन्धान मौलिक हुनुपर्छ। अरू कसैले गरेको अनुसन्धानको भर त लिनुपर्छ, तर त्यतिमा मात्र सीमित हुनुहुँदैन।

ख. विषय सार्वजनिक महत्त्वको हुनपर्छ। महत्त्वहीन विषयमा जति धेरै खोजी गरेर सामग्री तयार गरे पनि त्यसलाई खोज पत्रकारिता मानिदैन।

ग. खोजिएको जानकारी कसैले लुकाएको वा लुकाउन चाहेको हुनुपर्छ।

पहिले पहिले खोज पत्रकारिताले कसैले लुकाउन खोजेको कुरातिर मात्र ध्यान दिन्छ भनिन्थ्यो। तर यो सोचाइ पनि पुरानो भइसकेको छ। "बितेका वर्षहरूमा खोज पत्रकारिताको परिभाषा परिवर्तन र विस्तार भएको छ। यसले समाज र न्यायप्रणाली दुर्गतितिर गइरहेको विषयका साथै त्यसबाट समाजमा परेको असरलाई उदाङ्गो पार्ने र विश्लेषण गर्ने काम पनि गर्छ।" (हस्टन, सन् २००९, पृ. v)

यस परिभाषाले खोज पत्रकारिताको क्षेत्र अझ व्यापक बनाएको छ। यस परिभाषाअनुसार खोज पत्रकारिता कसैले लुकाउन खोजेको कुरामा मात्र सीमित छैन। कसैले लुकाउन नखोजेका भए पनि आम मानिसको ध्यान नपुगेका र समाजलाई नराम्रो असर पारिरहेका विषयमा पनि खोज पत्रकारले ध्यान दिनुपर्छ। क्षेत्रीय, जातीय, वर्गीय तथा अन्य भेदभाव, महिलामाथि हुने हिंसा यस्ता केही विषय हुन् जसका बारेमा खोज पत्रकारले खोजी गर्न सक्छन्।

उल्मान र क्याल्बर्ट (उल्मान र क्याल्बर्ट, सन् १९८३, पृ. ३) का अनुसार खोज पत्रकारले पनि सामान्य समाचार सङ्कलन गर्ने पत्रकारले खोज्ने प्रश्नहरू (को, कहाँ, के, कहिले, किन, कसरी आदि) कै जवाफ खोज्छ तर ऊ अरू पत्रकारभन्दा के कुरामा फरक छ भने उसलाई आफूले उत्तर खोजेका विषयमा काम कसरी हुनुपर्ने हो भन्नेबारेमा धेरै जानकारी भएकाले वास्तविक उत्तर कसरी खोज्ने भन्ने विषयमा पनि उसलाई बढी कुरा थाहा हुन्छ।

खोज पत्रकारिता गहन र दीर्घकालीन अनुसन्धान हो। यसो गर्दा पत्रकारले विषयसँग सम्बन्धित कागजातको विस्तृत अध्ययन गर्नुपर्छ, धेरै मानिसहरूसँग कुराकानी गर्नुपर्छ।

खोज पत्रकारले, जतिसुकै विश्वसनीय भए पनि एउटै मात्र स्रोतलाई सूचनाको आधार मान्दैन। "*आउटलुक* पत्रिकामा, आफूले गहिराइमा पुगेर सुरुदेखि अन्त्यसम्म अनुसन्धान नगरिकन तयार गरेको स्टोरीको सिरानमा आत्मसम्मान भएको कुनै पनि रिपोर्टरले आफ्नो नाम टाँस्दैन, " भारतको *आउटलुक* पत्रिकाका प्रधान सम्पादक विनोद मेहता (मेहता, २००२) ले भनेका छन्।

## खोज पत्रकारमा हुनुपर्ने गुण

खोज पत्रकार आफ्नो लक्ष्यमा दृढ हुनुपर्छ। खोज पत्रकारलाई आफूले खोजी गरेर तयार गरेको सामग्रीले गलत परम्परामा परिवर्तन ल्याउन सक्छ, गलत नीति तथा ऐन, कानुन संशोधन गराउन सक्छ र मानिसका गलत व्यवहार फेरबदल गर्न सक्छ भन्ने कुरामा दृढ विश्वास हुन्छ।

खोज पत्रकार आफ्नो काममा प्रतिबद्ध हुनुपर्छ। खोज पत्रकारिताका लागि जानकारी सङ्कलन गर्न र ती जानकारी प्रस्तुत गर्नका लागि समय र मेहनत धेरै लाग्ने हुनाले खोज पत्रकार प्रतिबद्ध हुनुपर्छ भनिएको हो। विषयप्रति प्रतिबद्ध नभएको पत्रकारले लुकाएर राखिएका जानकारी खोतल्न सक्दैन।

खोज पत्रकार धीर हुनुपर्छ। धैर्य गर्न नसक्नेले एउटा ठाउँबाट जानकारी नपाउने बित्तिकै त्यस विषयमा

स्टोरी गर्न छाडिदिन्छन् । खोज पत्रकारले चाहिँ धीर भएर एउटा उपायबाट जानकारी पाइएन भने अर्को उपाय खोज्न थाल्छन् । प्रस्तुतिमा पनि यही कुरा लागू हुन्छ ।

कम शक्तिशाली हतियार चलाउँदा थोरैतिनो गल्ती भए पनि त्यसले धेरै क्षति गर्दैन रे । तर शक्तिशाली हतियार चलाउँदा थोरै गल्ती भयो भने पनि त्यसबाट ठूलो हानि पुग्छ रे । त्यसैले बढी शक्तिशाली हतियार चलाउने मानिस बढी सतर्क हुनुपर्छ भनिन्छ । खोज पत्रकारिता पनि सामान्य पत्रकारिताभन्दा बढी शक्तिशाली भएकाले खोज पत्रकार सामान्य पत्रकारभन्दा बढी सतर्क हुनुपर्छ । समाचार लेख्ने मानिस पनि सतर्क हुनुपर्छ तर खोज पत्रकार एकदमै बढी मात्रामा सतर्क रहनुपर्छ ।

निष्पक्ष हुनु उसको पहिलो कर्तव्य हो ।

खोज पत्रकारिता दिनैपिच्छे गरिने पत्रकारिताभन्दा फरक छ । दिनैपिच्छे रिपोर्टिङ गर्दा कुनै विषयमा गहिराइमा पुगेर जानकारी खोज्ने समय हुँदैन किनभने उसले तत्कालै समाचार तयार गरिसक्नुपर्छ । यस्तो समाचार निश्चित शैलीमा लेख्नुपर्ने हुनाले उसले त्यसलाई रचनात्मक ढङ्गले प्रस्तुत गर्न पनि पाउँदैन तर खोज पत्रकारले पर्याप्त समय उपयोग गर्न पाउँछ जसले गर्दा उसले गहिराइमा पुगेर जानकारी खोतल्न र आफूले खोजेका जानकारीलाई रचनात्मक शैलीमा प्रस्तुत गर्नसक्छ ।

## खोज पत्रकारिताको महत्त्व

पत्रकारलाई समाजको पहरेदार पनि भनिन्छ । कसैले समाजका लागि अहित गर्न लाग्यो भने त्यसका बारेमा समाजलाई बताउने काम पत्रकारको हो । खोज पत्रकारिताले यो काम सबैभन्दा बढी प्रभावकारी ढङ्गले गर्छ । यस किसिमले हेर्दा खोज पत्रकारिताको महत्त्व दिनैपिच्छे गरिने पत्रकारिताभन्दा बढी छ ।

पत्रकारिताको काम सूचना दिनु, शिक्षित पार्नु र मनोरञ्जन गराउनु भनी लामो समयदेखि भन्दै आइएको छ । तर हाल आएर अध्ययन अनुसन्धानले के देखाएका छन् भने पत्रकारिता क्षेत्रले आफूले दाबी नगरेको अर्को काम पनि गर्ने गर्छ । त्यो हो समाजको दिशा निर्धारण गर्नु । आम मानिसले समाजमा भएका सबै घटना र सबै समस्याका बारेमा थाहा पाउन सम्भव हुँदैन । यसो गर्ने उपाय उनीहरूसँग हुँदा पनि हुँदैन । त्यस्ता घटना र समस्यामध्ये सञ्चारमाध्यमले छानेर दिएका घटना र समस्याका बारेमा मात्र उनीहरूले थाहा पाउँछन् । त्यसका आधारमा समाजमा कस्ता घटना भएका रहेछन् अनि समाजको समस्या के रहेछ भन्ने कुरा आम मानिसले थाहा पाउँछन् । सामान्यतया, दिनैपिच्छे गरिने पत्रकारिताले शक्तिशालीको आवाज मुखरित गर्ने हुनाले, बाहिर आएका घटनाबारेमा बताउने हुनाले निर्धाका आवाज र लुकेर रहेका कुरा बाहिर आउँदैनन् । ती कुरा बाहिर नआउने हो भने तिनका बारेमा सामाजिक, राजनीतिक क्षेत्रमा वास्ता गरिँदैन । खोज पत्रकारिताले तिनलाई बाहिर ल्याएर सामाजिक र राजनीतिक दिशा परिवर्तन गर्न ठूलो भूमिका खेल्छ ।

यस्तै गरी, समाजमा रहेका हानिकारक चालचलनका बारेमा व्यापक छलफल चलाएर तिनको अन्त्यका लागि जनमत तयार गर्ने काम पनि खोज पत्रकारिताको हो। उदाहरणका लागि, जातीय आधारमा गरिने भेदभावको कुप्रथा। नेपालमा अहिलेसम्म पनि गहिरो जरा गाडेर बसेको यस विषयमा समाचार र सम्पादकीय त्यतिबेला मात्रै प्रकाशित हुन्छ जतिबेला कुनै घटना हुन्छ। यस विषयमा व्यापक जनमत सिर्जना गरी यस प्रथाको अन्त्य गराउनका लागि खोज पत्रकारिता महत्त्वपूर्ण हुन्छ।

नेपाल धार्मिक, सामाजिक, सांस्कृतिक र भौगोलिक दृष्टिले अत्यन्त धेरै विविधतायुक्त समाज हो। यो विविधता समाजको गहना हो। तर यहाँ विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक र भौगोलिक क्षेत्रका बीचमा सम्पत्ति, शिक्षा, स्वास्थ्य, शासनमा पहुँच जस्ता कुरामा व्यापक असमानता छ। यस्तो असमानताले कुनै पनि समाजको समृद्धि, शान्ति र अमनचयनमा खतरा पैदा गर्छ। यस्तो असमानता कुनै पनि सभ्य समाजका लागि सुहाउने कुरा होइन। दिनैपिच्छे गरिने पत्रकारिताको ध्यान सामान्यतया यस्ता कुरामा जाँदैन। यी विषयवस्तुबारेमा गहन अध्ययन गरी यिनको समाधानका लागि बेलैमा समाजलाई घचघच्याउने काममा पनि खोज पत्रकारिताको महत्त्व छ। यसरी खोज पत्रकारिताले नागरिकको जीवनमा प्रत्यक्ष सरोकार राख्ने विषयमा समाजको ध्यान तान्छ।

निजी क्षेत्र र सेवाको भूमिका जतिसुकै बढे पनि सरकारी क्षेत्र र सेवाको महत्त्व घट्दैन। आम मानिससम्म शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवामा सरकारी क्षेत्रको भूमिका अहम् हुन्छ। यस्ता सेवा निजी क्षेत्रले पनि प्रदान गर्छन्। तर ती सेवासम्म समाजका निमुखाहरूको पहुँच हुँदैन। त्यसैले, सरकारी क्षेत्रले प्रदान गर्ने यस्ता सेवा प्रभावकारी भएनन् भने तिनमा समाजका तल्लो वर्ग, समुदायको पहुँच हुँदैन। यस्ता विषयमा खोज पत्रकारिता गरेर निमुखा नागरिकहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ।

व्यक्तिगत घटना दर्ता गर्ने, नागरिकताको प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, राहदानी आदि कागजात जारी गर्ने, जग्गा खरिदबिक्रीको स्वीकृति दिने तथा अभिलेख राख्ने, शान्ति सुरक्षा कायम गर्ने, राजस्व उठाउने, न्याय प्रदान गर्ने काममा सरकारको एकाधिकार हुन्छ। यी क्षेत्र प्रभावकारी, चुस्त, दुरुस्त, जवाफदेही र उत्तरदायी भएनन् भने मानव समाज मानव समाज जस्तो हुँदैन। यिनका स्वभाव र गतिविधिलाई नजिकबाट नियाल्ने र तिनमा सुधार गर्नुपर्ने भए त्यसका लागि वातावरण तयार गर्ने काम पनि खोज पत्रकारिताको हो। सार्वजनिक शक्ति उपयोग गर्ने संस्था, त्यस्ता संस्थामा बसेका व्यक्ति उत्तरदायी र जिम्मेवार हुनुपर्छ भन्ने मान्यता लिएर उनीहरूलाई त्यसै अनुरूप व्यवहार गर्न बाध्य बनाउने काम गर्ने हुनाले पनि खोज पत्रकारिताको महत्त्व छ।

सार्वजनिक संस्थाको शक्ति उपयोग गरेर नाजायज किसिमले व्यक्तिगत फाइदा लिनेहरूलाई बर्खास्त गर्ने वातावरण तयार गर्ने काम पनि खोज पत्रकारले गर्न सक्छन्। फिलिपिन्सका राष्ट्रपति जोसेफ एस्ट्राडालाई महाअभियोग लगाएर हटाइएको घटना यसको एउटा उदाहरण हो।

फिलिपिनी खोज पत्रकारिता केन्द्रले सन् २००० मा राष्ट्रपति जोसेफ एस्ट्राडाको सम्पतिका बारेमा खोजी गर्‍यो। यसका लागि त्यस केन्द्रका रिपोर्टरले राष्ट्रपतिसँग सम्बन्धित मानिसले गर्ने गरेका घरजग्गाको

कारोबार हेर्‍यो। अनि राष्ट्रपतिका परिवारका सदस्यहरूले खोलेका कम्पनीको कारोबार हेर्‍यो।

राष्ट्रपति, उनका पत्नीहरू र छोराछोरी संलग्न ६६ वटा कम्पनीको अध्ययन गर्दा राष्ट्रपतिले गलत बाटोबाट धेरै सम्पत्ति आर्जन गरेको भेटियो। राष्ट्रपतिको यस्तो धनका बारेमा एकपछि अर्को गरी खोजमूलक स्टोरी छापिए। राष्ट्रपतिलाई महाअभियोग लगाएर पदबाट हटाइयो।

राजनीतिक, सामाजिक र आर्थिक परिवर्तन व्यापक रूपमा भइरहेको नेपाल जस्तो देशमा खोज पत्रकारिताको महत्त्व अझ बढी छ। यहाँ राजनीतिक दलहरू परिपक्व भइसकेका छैनन्। त्यसैले यी परिवर्तनलाई सही दिशा निर्देश गर्ने काममा पनि खोज पत्रकारिताको महत्त्व हुन्छ। नेपालमा सत्तामा पुगेपछि राजनीतिक नेतृत्वले आफूले पहिले उठाइआएका आम मानिसका सरोकारका मुद्दालाई पनि लत्याउने परिपाटी छ। यस्तो पृष्ठभूमिमा लोकतान्त्रिक र जवाफदेही राज्य निर्माण गर्न, नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन खोज पत्रकारिताले निर्वाह गर्ने विपक्षीको भूमिका महत्त्वपूर्ण हुन्छ।

# नेपालमा खोज पत्रकारिताको अभ्यास

वि.सं. १९५८ मा *गोरखापत्र* छाप्न थालेपछि नेपालमा पत्रकारिता सुरु भएको हो तर राणा शासनकालमा पत्रकारिताको विकास हुने वातावरण थिएन । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा धेरै पत्रपत्रिका प्रकाशित भए। यिनले सरकारी पत्रिका *गोरखापत्र*ले दिन नसक्ने खालका सूचना दिन थाले, सरकारका क्रियाकलापमाथि निगरानी गर्न थाले र त्यस्ता कुरा सार्वजनिक गर्न थाले ।

२००७ सालको परिवर्तनसँगै राजनीतिक खिचातानी र दलगत झगडा पनि आयो। यसको छाप नेपाली पत्रकारितामा पनि पर्‍यो। पत्रपत्रिकाहरू राजनीतिक दल, राजनीतिक नेताका मुखपत्र बने। विपक्षी पार्टी र नेतालाई गाली गर्ने साधन पनि बने।

२०१७ सालमा राजाले शासन लिएपछि पत्रपत्रिकामाथि कडा बन्देज लाग्यो । राजा र पञ्चायती व्यवस्थाको विरोध गर्न तथा प्रतिबन्धित राजनैतिक दलका बारेमा उल्लेख गर्न नपाइने भयो।

यस्तो अवस्थामा खोज पत्रकारिता हुने कुरै भएन। २०३६ सालमा जनमत संग्रह गर्ने घोषणा भएपछि भने अलि खुकुलो वातावरण तयार भयो। त्यसपछि एउटा गुटका समर्थकहरूले अर्का गुटका समर्थकहरूका नराम्रा कामबारे लेख्न थाले । केही क्षेत्रमा भएका भ्रष्टाचारका बारेमा रिपोर्ट प्रकाशित गरे । प्रतिबन्धित राजनीतिक दलका समर्थकहरूले घुमाएर पञ्चायती व्यवस्थाको विरोधमा आवाज उठाउन थाले।

यति बेला समग्र पत्रकारिता नै निष्पक्ष थिएन। त्यसैले उनीहरूले छाप्ने गरेका सामग्रीमा पनि पत्रकारिता होइन राजनीतिक प्रतिशोध झल्कन्थ्यो। यस अवधिमा पनि खोज पत्रकारिताको खासै विकास भएन। तैपनि तिनले खोज पत्रकारिता नाम नदिइकन फाट्टफुट्ट खोज पत्रकारिता गरेका थिए।

२०४६ सालको जनआन्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्य भएपछि नेपाली पत्रकारिताले पत्रकारिताका लागि आवश्यक स्वतन्त्रता पायो । तर पत्रकारिताका लागि आर्थिक अवस्था त्यति अनुकूल थिएन। अनि यसअघि राजनीतिक उद्देश्यका लागि पत्रकारिता गरेको बानीले पनि निष्पक्ष पत्रकारितालाई फल्ने फुल्ने मौका दिएन। तैपनि यस अवधिमा यी पत्रिकाहरूले पजेरो काण्ड, सांसद किनबेच काण्ड जस्ता महत्त्वपूर्ण खोज समाचार प्रकाशित गरे।

वि.सं. २०४६ सालपछि खोज पत्रकारिताका लागि सचेत र संगठित प्रयास गरिए। नेपाल वातावरण पत्रकार समूहले यस अवधारणालाई सन् १९८७ को सुरुमा सचेततापूर्वक भित्र्यायो। समूहले जनवरी

सन् १९८७ मा पत्रकारहरूलाई 'इन्भेस्टिगेटिभ रिपोर्टिङ फेलोसिप' प्रदान गरेको थियो। नेपाल वातावरण पत्रकार समूहका त्यसपछिका प्रकाशनमा त्यसलाई अनुसन्धानात्मक रिपोर्टिङ लेखनवृत्ति भनिएको छ। सन् १९९३ मा आएर यसै समूहले विभिन्न विषयलाई नजिकबाट अनुगमन गर्नका लागि संस्थाभित्रै निगरानी समूहहरू बनायो। तिनले खोज पत्रकारिताको अभ्यास गरे।

नेपाल वातावरण पत्रकार समूहको मूल उद्देश्य खोज पत्रकारिता थिएन। यसको मूल उद्देश्य त वातावरण पत्रकारिता थियो। तैपनि त्यसले वातावरण पत्रकारितालाई प्रवर्द्धन गर्न खोज पत्रकारिताको उपयोग गरेको थियो।

सन् १९९६ मा खोज पत्रकारिता केन्द्रको स्थापना भयो जसको मूल उद्देश्य खोज पत्रकारिताको प्रवर्द्धन गर्नु थियो। यसले युवा पत्रकारहरूलाई खोज पत्रकारितातर्फ आकर्षित गऱ्यो। तालिम र लेखनवृत्तिका माध्यमबाट पत्रकारहरूलाई खोज पत्रकारिताका सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गऱ्यो।

यसैबीच, पत्रकारितासम्बन्धी तालिम दिने पुरानो संस्था नेपाल प्रेस इन्स्टिच्युटले आफ्नो दश महिने आधारभूत पत्रकारिता तालिममा खोज पत्रकारिता विधालाई समावेश गऱ्यो। खोज पत्रकारितासम्बन्धी विशिष्ट तालिम पनि सुरु गऱ्यो।

सन् १९९८ मा नेपाल प्रेस इन्स्टिच्युट र खोज पत्रकारिता केन्द्र मिलेर खोज पत्रकारिताको पहिलो पाठ्यक्रम बनाए। नेपाल प्रेस इन्स्टिच्युटले सञ्चालन गर्ने तालिममा त्यसको उपयोग गरियो।

यी सबै कामले गर्दा नेपालमा खोज पत्रकारिताका राम्रा परिणाम निस्किएका छन्। खोज पत्रकारले राम्रा खोजमूलक स्टोरी तयार गरेका छन्। खोज पत्रकारिता केन्द्रले सुरुमा प्रदान गरेका लेखनवृत्ति अन्तर्गत सुधीर शर्माले 'धादिङका उत्तरी गाउँहरूमा इसाई धर्मको प्रवेश र विस्तार', सङ्गीता लामाले 'पशुपतिनाथको मन्दिरको व्यवस्थापनमा सुधारको खाँचो', हरि थापाले 'नेपालको लौठ सल्लोको व्यापारको जालो', मोहन मैनालीले 'नेपालमा व्यवस्थापन गर्न नसकिएका पुराना विषादी र तिनबाट उत्पन्न हुनसक्ने खतरा', शिव गाउँलेले नेपालको न्याय क्षेत्रमा देखिएका अनियमितताका बारेमा खोजमूलक स्टोरी तयार पारेका थिए। यस्ता स्टोरीलाई नेपाल प्रेस इन्स्टिच्युटले सङ्कलन गरी प्रकाशित गरेको थियो (दाहाल, वि.सं. २०५६)।

सबै खोजमूलक स्टोरीले सधैँभरि तत्कालै ठूला परिवर्तन ल्याउन सक्दैनन् किनभने त्यस्ता परिवर्तन ल्याउनका लागि सक्रिय हुनुपर्ने अन्य निकायले तिनलाई बेवास्ता गर्नसक्छन्। तैपनि नेपाली पत्रकारले खोज पत्रकारितामार्फत परिवर्तन ल्याएका केही उदाहरण छन्।

शेरबहादुर के.सी.ले भारतबाट नेपाल तस्करी हुने गाडीका बारेमा तयार गरेको खोजमूलक रिपोर्ट राम्रा परिवर्तन ल्याउने स्टोरीको एउटा उदाहरण हो। यस स्टोरीमा उनले भारतबाट गाडी तस्करी गरी नेपाल ल्याउने र त्यस्ता गाडी दर्ता गरी नेपालमा चलाउने चलनलाई उदाङ्गो पारेका छन् (के.सी., वि.सं. २०५८)।

यो स्टोरी छापिएपछि नेपालमा भन्दा भारतमा बढी प्रभाव पऱ्यो किनभने यस चलनबाट नेपालीभन्दा भारतीय बढी पीडित हुँदा रहेछन्। नेपालले पनि तस्करीको बाटोमा कडाइ गऱ्यो। तैपनि यो चलन रोकिएन। शेरबहादुर के.सी.ले यस विषयमा फेरि अर्को खोजमूलक रिपोर्ट तयार गरे (के.सी., सन् २००३)। यी दुईवटा स्टोरीबाट यस विषयमा केही मात्रामा प्रभाव पऱ्यो।

नेपालमा लामो समयदेखि अलपत्र पारेर राखिएका पुराना विषादी र तिनलाई थान्को लगाउने समस्याबारेमा नेपाली पत्रकारहरूले लगातार समाचार, फिचर र खोजमूलक फिचर लेखे। फलस्वरूप, यस्ता विषादीलाई हानिकारक तरिकाले नष्ट गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास असफल भए। यहाँ के कुरा ख्याल राख्नुपर्छ भने यस्ता परिवर्तनको श्रेय पत्रकार अथवा खोज पत्रकारले मात्रै लिनु हुँदैन। यस्ता परिवर्तनका लागि अरूको पनि ठूलो भूमिका हुन्छ। धेरै मानिस र संस्थामा यस विषयमा चासो जगाउने काम गरेको श्रेय भने पत्रकारले लिन मिल्छ।

यस विषयमा नेपाली पत्रकारले २०४८ सालदेखि २०६९ सालसम्म कुरा उठाए। सबैभन्दा पहिले उनीहरूले समाचार लेखे, त्यसपछि फिचर, सम्पादकीय, खोजमूलक फिचर तयार गरे। यस विषयमा जानकारी प्रवाह गर्न तथा नीति निर्माता र कार्यान्वयनकर्तामा दबाब सिर्जना गर्न उनीहरूले छापाका साथै रेडियो र टेलिभिजन जस्ता माध्यमको पनि उपयोग गरे। नेपालीका साथै अंग्रेजी भाषामा सामग्री तयार गरे। नेपालका मात्र होइन विदेशी सञ्चारमाध्यमको पनि उपयोग गरे। यस विषयमा २०४८ सालदेखि २०५९ सालसम्म नेपाली पत्रकार र वातावरणवादीले गरेका काम *विषको राजनीति* (मैनाली, वि.सं. २०६०) मा सङ्ग्रहित छन्।

यस विषयमा सबैभन्दा पहिले पत्रकारहरूले पुराना, खतरनाक विषादी हेटौडा सिमेन्ट कारखानामा जलाउने योजनाबारेमा समाचार दिएका थिए। त्यसो गर्दा वातावरणमा हानि पुग्ने तर्क उनीहरूले गरेका थिए। यसपछि ग्रिनपिस जस्ता अन्तर्राष्ट्रिय वातावरणवादी संस्थाहरूको दबाबमा परेर यो काम हुन पाएन। यी विषादी त्यत्तिकै राख्दा पनि खतरनाक हुने थियो। त्यसैले पत्रकारहरूले यी विषादी यसरी राख्नुहुँदैन भनेर घचघच्याइ रहे। विषादी गोदाम वरपर विषादीले पारेको असरका बारेमा रिपोर्टिङ गरिरहे। खोजमूलक लगायतका यस्ता रिपोर्टिङ तथा सम्पादकीयमा यस्तो तर्क गरिएको थियो : यी विषादी नेपालले उत्पादन गरेका होइनन्, त्यसैले तिनको जिम्मा नेपालले लिनुहुँदैन। ती विषादी नष्ट गर्नका लागि नेपालसँग क्षमता पनि छैन। ती विषादी जसले उत्पादन गरेको हो, त्यसैले जिम्मा लिएर नेपालबाट लैजानुपर्छ।

अन्त्यमा, विषादी उत्पादकहरूको छाता संगठन क्रप लाइफले यी विषादीको जिम्मा लियो र २०६९ सालमा ती विषादी नेपालबाट विदेश लगियो।

माथि भनिएझैँ, यो सफलता पत्रकारिता त्यसमाथि पनि खोज पत्रकारिता मात्रैका बुताले हात लागेको हो भनी ठान्नु भने हुँदैन।

यसबीचमा मूलधारका प्रकाशन गृहले पनि खोज पत्रकारिता गर्नुपर्छ भन्ने ठाने। २०५८ सालमा *कान्तिपुर* दैनिकले खोज पत्रकारिता सेलको स्थापना गऱ्यो तर पनि खोज पत्रकारिताको अभ्यास चाहे

जस्तो मात्रामा हुन सकेन। त्यस सेलका संयोजक हरिबहादुर थापाका अनुसार, यसले जसरी काम गर्ने आशा राखिएको थियो त्यसअनुसार काम गर्न सकेन। त्यस सेलमा काम गर्ने दक्ष जनशक्ति नियमित रिपोर्टिङतर्फ लाग्नु परेकाले यसो भएको हो ।[१] कान्तिपुर पब्लिकेसन्सबाट अलग भएको समूहले प्रकाशन गरेको *नागरिक* दैनिकमा पनि खोज पत्रकारिता सेल खुलेको थियो । *नागरिक* दैनिकको खोज पत्रकारिता सेलका संयोजक विश्वमणि पोखरेलका अनुसार त्यस दैनिकको खोज पत्रकारिता सेलले पनि *कान्तिपुर* दैनिकको खोज पत्रकारिता सेलकै नियति भोग्यो ।[२] खोज पत्रकारिता सेलका माध्यमबाट नभए पनि नेपालका मूलधारका पत्रपत्रिकाहरूले खोज पत्रकारिताको अभ्यास भने थोरैतिनो मात्रामा गरिरहेका छन्।

---

[१] खोज पत्रकारिता केन्द्रले २०६९ फागुन १८-१९ गते ललितपुरको गोदावरीमा आयोजना गरेको नेपालका सञ्चारमाध्यममा खोज पत्रकारिताको प्रवर्द्धन: सम्पादकहरूसँगको छलफल कार्यक्रममा व्यक्त विचार।

[२] खोज पत्रकारिता केन्द्रले २०६९ फागुन १८-१९ गतेललितपुरको गोदावरीमा आयोजना गरेको नेपालका सञ्चारमाध्यममा खोज पत्रकारिताको प्रवर्द्धन: सम्पादकहरूसँगको छलफल कार्यक्रममा व्यक्त विचार।

# खोज पत्रकारिताका लागि सूचना सङ्कलन विधि

दैनिक पत्रकारिताका लागि सूचना सङ्कलन गर्दा जुन जुन उपाय उपयोग गरिन्छन् खोज पत्रकारिताका लागि पनि तिनै उपाय उपयोग गरिन्छन्। ती हुन् : (१) लिखत (गोप्य र सार्वजनिक) अध्ययन/अनुसन्धान, (२) मानिससँग कुराकानी (३) अवलोकन।

## लिखत (गोप्य र सार्वजनिक) अध्ययन/अनुसन्धान

खोज पत्रकारिता गर्नका लागि आफूले रिपोर्टिङ गर्न लागेका विषयसँग सम्बन्धित लिखतहरूको गहन र व्यापक अध्ययन अनुसन्धान गर्नुपर्छ। सामान्य खालको रिपोर्ट तयार गर्नका लागि दुईचारवटा लिखतको अध्ययन गर्दा पुग्न सक्छ भने खोज पत्रकारिता गर्दा त्यतिले पुग्दैन, त्यस विषयमा एकदमै व्यापक मात्रामा अध्ययन गर्नुपर्छ। लिखतमा आफूले रिपोर्टिङ गर्न लागेका विषयका अकाट्य प्रमाण पाइन्छन्। लिखतले थप जानकारीका लागि कुन लिखत पढ्नुपर्ला अथवा कोसँग कुराकानी गर्नुपर्ला भन्ने जानकारी पनि दिन्छन्। खोज पत्रकारितालाई लिखतहरूको पहाडमा गरिने यात्रा पनि भनिन्छ।

सामान्यतया खोज पत्रकारले दुई प्रकारका लिखतको उपयोग गर्छन्: सबैले सजिलैसँग पढ्न पाइने सार्वजनिक लिखत र सबैले पढ्न नपाइने गोप्य लिखत। सार्वजनिक लिखतहरूमा पत्राचार, संस्थाले तयार गर्ने आवधिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, प्राज्ञिक तथा अन्य खालका अध्ययन अनुसन्धानका प्रतिवेदन, कार्यालयका फाइल, पुस्तक, ऐन कानुन, मुद्दाका मिसिल, सन्धि सम्झौता, बिल, भरपाई, पहिले प्रकाशित समाचार, विचार, लेख लगायतका कागजात पर्दछन्।

खोज पत्रकारले विषयअनुसार गोप्य लिखत पनि पढ्नुपर्ने हुनसक्छ। जस्तै, भ्रष्टाचारको शङ्का गरिएका मानिसको सम्पत्ति विवरण, एक व्यक्तिले अर्को व्यक्तिलाई गरेका निजी पत्राचार, व्यक्तिगत डायरी आदि।

## मानिससँग कुराकानी

मानिस खोज पत्रकारका सूचनाका महत्त्वपूर्ण स्रोत हुन्। खोज पत्रकारले आफूले तयार गर्न लागेको रिपोर्टिङसँग सम्बन्धित सबै मानिससँग कुराकानी गर्नुपर्छ। उनीहरूसँग कुराकानी गर्दा नयाँ जानकारी फेला पर्छन्, नयाँ दृष्टिकोण र नयाँ विश्लेषण फेला पर्छन। आफूले पाएका जानकारी सही हुन् कि

होइनन् भनी जाँच गर्ने काममा पनि मानिस उपयोगी हुन्छन्। मानिससँग कुराकानी गर्दा आफूले रिपोर्टिङ गरिरहेका विषयसँग सम्बन्धित थप जानकारी कहाँ, कसरी पाउन सकिन्छ भन्ने कुरा पनि थाहा हुन्छ। त्यसैले खोज पत्रकारले भुक्तभोगी, स्वतन्त्र विशेषज्ञ, सरकारी अधिकारी, आरोपित व्यक्ति, उसका समर्थक तथा विरोधी आदि सबै पक्षसँग व्यापक मात्रामा कुराकानी गर्नुपर्छ।

## अवलोकन

अवलोकन खोजमूलक स्टोरीका लागि सूचनाको ठूलो स्रोत हो। उदाहरणका लागि, पुल बनाउँदा भ्रष्टाचार गरेर पुल भासिएको विषयमा रिपोर्टिङ गर्ने हो भने पुल भासिएको र पुल भासिएकाले गर्दा गाडी जँघार तरिरहेको अथवा नदी तर्न नसकेर बसेको, मान्छेले दुःख पाएको अवस्था आफ्ना आँखाले हेरी त्यसको वर्णन गरिदिनुपर्छ। यसो गर्दा आफ्ना पाठक/श्रोतालाई त्यस समस्याका बारेमा राम्रोसँग बुझाउन सकिन्छ।

यहाँ याद राख्नुपर्ने कुरा के छ भने कुनै विषयमा रिपोर्टिङ गर्दा अति धेरै लिखत उपलब्ध हुन् सक्छन् भने कुनै विषयमा लिखत हुँदै नहुन वा थोरै मात्र हुन पनि सक्छन्। कुनै विषयको रिपोर्टिङ गर्दा मूलतः लिखतमा भर पर्नुपर्ने हुनसक्छ भने कुनै विषयमा रिपोर्टिङ गर्दा कुराकानीमा अत्यधिक मात्रामा भर पर्नुपर्ने हुन्छ। कुनै विषयमा अवलोकन गर्नु नपर्ने हुनसक्छ भने कुनै विषयका लागि अलि बढी मात्रामा अवलोकन गर्नुपर्ने हुनसक्छ।

यी माथि उल्लेख गरिएका उपाय पत्रकारिताका स्थापित उपाय हुन्। खोज पत्रकारिता गर्नका लागि कहिलेकाहीँ यी उपाय पर्याप्त नहुन सक्छन्। यस्तो अवस्थामा कसैकसैले, कहिलेकाहीँ अपराध अनुसन्धानका लागि उपयोग गरिने विधि पनि उपयोग गर्ने गर्छन्। यस्ता विधिमा भेष बदलेर जानकारी लिने, क्यामरा/रेकर्डर लुकाएर दृश्य/आवाज रेकर्ड गर्ने आदि पर्दछन्।

सवारी चालक अनुमतिपत्र (लाइसेन्स) दिने काममा अनियमितता हुन्छ भन्ने विषयमा खोज पत्रकारिता केन्द्रका लागि स्टोरी तयार गर्न कौशल भट्टराईले यस्तै उपाय अपनाएका थिए। उनले एकजना दृष्टिविहीन मानिससँग कुराकानी गरेर उनको नागरिकताको प्रमाणपत्र र फोटो लिए। अनि दलालमार्फत दृष्टिविहीन मानिसका नाममा सवारी चालक अनुमतिपत्र निकाले। यो काम कसरी सम्भव हुन्छ भन्नेबारेमा 'प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स' शीर्षकको स्टोरी तयार गरे (भट्टराई, सन् २००३)।

यी उपायको उपयोग गर्दा अपनाउनुपर्ने सावधानीबारेमा आचारसंहिता खण्डमा चर्चा गरिएको छ।

## सूचनाको हकसम्बन्धी ऐनको उपयोग

खोज पत्रकारका लागि लिखत सूचनाको महत्त्वपूर्ण स्रोत हो । गोप्य लिखत लिनका लागि सूचनाको हकसम्बन्धी ऐनले सहयोग गर्दैन तर सार्वजनिक लिखत लिनका लागि सूचनाको हकसम्बन्धी ऐनले पत्रकारलाई ठूलो सहयोग गर्छ ।

मानिससँग कुराकानी गरी सूचना सङ्कलन गर्ने काममा पनि यो ऐनले पत्रकारलाई सहयोग गर्न सक्दैन। पत्रकारले खोज गरिरहेको विषयसँग सम्बन्धित कुनै काम, ठाउँ, घटना, अवस्था आदिको अवलोकन गर्नु पर्दा भने यस ऐनले पत्रकारलाई सहयोग गर्छ। सार्वजनिक रूपले अवलोकनका लागि नखोलिएका ठाउँका यस्ता कुरा अवलोकन गर्ने हक पनि यस ऐनले दिएको छ ।

उदाहरणका लागि, तपाईं उपयोग गर्ने म्याद नाघेका घातक विषादीका सम्बन्धमा खोजमूलक रिपोर्टिङ गर्दै हुनुहुन्छ। त्यसका लागि तपाईंले निम्न कुरा अवलोकन गर्नुपरेको छ : ती विषादी गोदाममा कसरी थन्क्याइएको छ ? विषादी राख्दा असरल्ल पारेर राखिएको छ कि ? सुरक्षित खालका भाँडामा राम्रोसँग बन्द गरेर राखिएको छ ? गोदाममा पानी चुहिएको छ कि ?

सूचनाको हकसम्बन्धी ऐनले लिखत हेर्ने मात्र अनुमति दिएको छैन। गोदामको अवस्थाको निरीक्षण गर्न पाउनका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्न सकिन्छ ।

सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर विषादीको गोदामको अवलोकन गर्दा त्यहाँको अवस्था साह्रै खराब पाउनुभयो भने तपाईंले त्यहाँको अवस्था जस्ताको तस्तै आफ्ना पाठक/श्रोतालाई बताइदिन सक्नुहुन्छ ।

यस्तैगरी, नेपाल खाद्य संस्थानका गोदाममा चामल सड्ने गरी राखिएको शङ्का लाग्यो भने, अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्यसम्बन्धी अन्य निकायका गोदाममा औषधि गलत तरिकाले राखिएको शङ्का लाग्यो भने तपाईंले यही ऐनको उपयोग गरेर गोदाम हेर्न सक्नुहुन्छ ।

जो कोहीले यत्तिकै पनि हेर्न पाउने खालका सडक निर्माणका काम जस्ता कुराको निरीक्षण गर्नका लागि यो ऐनको उपयोग गरिराख्नु पर्दैन ।

# खोज पत्रकारका लागि सूचनाको हकको महत्त्व

२०४७ सालदेखि २०४९ सालसम्म नेपालमा विदेशी सहयोगमा एउटा परियोजना कार्यान्वयन भएको थियो। यसको एउटा काम थियो – नेपालमा थुप्रिएर बसेका, उपयोग गर्ने म्याद नाघेका विषादीलाई सुरक्षित तवरले थान्को लगाउनु। यसका लागि धेरै खालका काम गरिए। तर यस विषयका सबै जानकारी गोप्य राखियो। त्यस्ता विषादी कति थिए? कति विषादीलाई कहाँ र कसरी तह लगाइयो? विषादी तह लगाउन अपनाउने भनिएका कति तरिका किन अपनाइएन? विषादी तह लगाउन अपनाइन लागेका कुनै तरिका आम मानिसको स्वास्थ्य र वातावरणका लागि हानिकारक पो थिए कि? परियोजना समाप्त हुँदा सबै विषादी तह लागे कि लागेनन्? लागेनन् भने कति विषादी कहाँ, कुन अवस्थामा छन्? जस्ता कुरा कसैलाई बताइएन।

यस विषयमा खोज पत्रकारले निम्न दायित्व निर्वाह गर्नुपर्थ्यो :

- आम नागरिकको चासो भएका, उनीहरूलाई प्रभाव पार्ने राज्यका कामकारबाहीका बारेमा आम नागरिकलाई बताउने
- राज्यका निकायलाई आम नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने
- नागरिकलाई जान्न पाउने हक उपभोग गर्न मद्दत गर्ने

त्यसैले, केही पत्रकारहरूले यस विषयमा काम गरिरहेका निकायसँग यस विषयका सूचना मागे। यस काममा धेरैवटा सरकारी, अर्धसरकारी निकाय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्था तथा ठेकेदार कम्पनी संलग्न थिए। ती संस्था, ती संस्थासँग संलग्न व्यक्तिसँग पटकपटक माग्दा पनि उनीहरूमध्ये कसैले पनि ती सूचना दिएनन्। कसैले भन्थे– त्यो सामान्य कुरा हो। यसो भनेर उनीहरूले कुन कुरा सामान्य हो, कुन कुरा सामान्य होइन भनी छिनोफानो गर्ने आम नागरिकको अधिकार खोसेका थिए।

त्यतिबेला प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको थियो। त्यसमा भनिएको थियो, “प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।”

दुर्भाग्यको कुरा, नागरिकले सो हक उपभोग गर्नका लागि आवश्यक पर्ने कानुन बनेको थिएन। सरकारले संसदमा पेश गरेको यससम्बन्धी ऐनको उद्देश्य सूचना दिनु होइन, सूचना लुकाउनु थियो। चौतर्फी विरोध भएपछि यसलाई सरकारले फिर्ता लिएको थियो। त्यसैले, यससम्बन्धी कानुन छिट्टै बन्ने छाँट थिएन।

यस्तो अवस्थामा खोज पत्रकारका अगाडि ती जानकारी लिने दुईवटा बाटो थिए : (क) सर्वोच्च अदालतमा मुद्दा हालेर, (ख) यो जानकारी जोसँग छ उसलाई खुसामद गरेर ।

अघिल्लो बाटो अपनाउँदा अधिकारको उपभोग गरेर जानकारी लिन पाइन्थ्यो । तर त्यो बाटो घुमाउरो र पत्रकारका लागि दुरुह थियो । कहाँ पत्रकारिता गर्न लागेको मान्छे, कहाँ मुद्दामामिलाको कुरा ! त्यसैले पत्रकारहरूले पछिल्लो बाटो रोजे जुन बाटो हिँड्दा 'यी जानकारी पाउनु मेरो संवैधानिक हक हो' भनी छाती खोलेर भन्न सकिँदैनथ्यो । ती जानकारी पाइने नपाइने कुरा स्रोतको दयामा भर पर्थ्यो ।

यो बाटो सहज पनि थिएन । त्यसैले पत्रकारले यी जानकारी लिएर आफ्ना पाठकलाई सूचना दिन निकै धेरै समय, ऊर्जा र धैर्य खर्च गर्नुपरेको थियो । यी जानकारी जोसँग थिए तीमध्ये धेरैले सूचना माग्न जाँदा दुर्व्यवहार गरे, केहीले दुर्व्यवहार त गरेनन्, चिप्लो कुरा गरे तर जानकारी चाहिँ दिएनन् ।

हिजोआज पत्रकारले यस्ता जानकारी लिनका लागि स्रोतको दयामा भर पर्नु पर्दैन, अनौपचारिक बाटो अपनाउनु पर्दैन । सूचनाको हकसम्बन्धी ऐनले सजिलो बाटो खोलिदिएको छ, आम नागरिकले सूचनाको हक सहज तरिकाले उपभोग गर्ने वातावरण सिर्जना गरिदिएको छ ।

यसले अर्को के सजिलो पारिदिएको छ भने त्यतिबेला स्रोतलाई खुशी पारेर लिएका जानकारी सही होइनन् भनेका खण्डमा प्रमाणित गर्ने आधार हुँदैनथ्यो । अहिले सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर लिइएका जानकारी जानकारी दिने निकायले प्रमाणित गरेर दिने हुनाले तिनलाई कसैले झूटा हुन् भन्न सक्दैन ।

यसरी, सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ खोज पत्रकारलाई सूचना सङ्कलनका काममा मद्दत गर्ने ठूलो सहयोगी बनेको छ । यसको उपयोग गरी राज्यका कामलाई पारदर्शी बनाउनु, राज्यका निकायलाई नागरिकप्रति जवाफदेही बनाउनु र आम नागरिकको सूचनासम्मको पहुँचलाई सरल बनाउनु पत्रकारको दायित्व हो ।

लुकाइएका जानकारी खोतल्नु खोज पत्रकारिता हो भनेर यसअघि नै भनिसकिएको छ । यी लुकाइएका जानकारी खोज्न निकै कठिन हुन्छ । यस्ता जानकारी खोज्ने काममा सूचनाको हकसम्बन्धी ऐनले मद्दत गर्छ । यसको उपयोगमा असजिलो आउला भने राष्ट्रिय सूचना आयोगको व्यवस्था भएको छ ।

# सार्वजनिक निकायमा रहेका जानकारीसम्म पहुँच

आफू र आफ्नो भविष्यसँग जोडिएका सूचना पाउनु हरेक नागरिकको मौलिक हक हो। लोकतान्त्रिक व्यवस्थामा यस्तो अधिकारको ग्यारेन्टी गरिएको हुन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले नागरिकको यस अधिकारको ग्यारेन्टी गरेको थियो। तर यस संवैधानिक प्रावधानलाई लागू गराउने ऐन नभएकाले यो अधिकार उपयोग गर्न पाइएको थिएन।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तयार भएपछि सूचनाको हकको उपयोग गर्न सजिलो भएको छ। यो ऐनले आम नागरिकका लागि सूचनाको हक प्रदान गरेको छ। यो अधिकार पत्रकारको मात्र अधिकार होइन तर पत्रकार समाजको नागरिक भएकाले र उसको पेशा आम मानिससम्म सूचना पुऱ्याउने भएकाले पत्रकारसँग यस ऐनको नजिकको सम्बन्ध छ। खोज पत्रकारसँग अझ नजिकको सम्बन्ध छ किनभने खोज पत्रकारले सूचनाको हकको उपयोग गरेर सार्वजनिक निकायमा भएका सूचना माग्न पाउँछन्।

यो ऐन बनाउनुका कारण हेर्दा पनि यो कुरा प्रष्ट हुन्छ। सूचनाको हकसम्बन्धी ऐन २०६४ मा निम्न कामका लागि कानुनी व्यवस्था गर्नका लागि यो ऐन बनाइएको कुरा उल्लेख छ :

- राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन
- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन
- राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न, र
- नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन कानुनी व्यवस्था गर्न।

माथिको एउटा (संवेदनशील सूचनाको संरक्षण गर्न) बाहेक अरू सबै काम अर्थात् राज्यका कामकारबाहीलाई खुला र पारदर्शी बनाउनु, सार्वजनिक सूचनासम्म आम नागरिकको पहुँच बढाउनु र सुसूचित हुने नागरिकको हक संरक्षण र प्रचलन गराउनु पत्रकारको दायित्वभित्र पर्छन्।

यो ऐनलाई २०६४ साल साउन ५ गते प्रमाणीकरण र प्रकाशन गरिएको थियो।

# सूचना पाइने निकाय

यस ऐन अन्तर्गत निम्न निकायमा रहेका सार्वजनिक चासोका जानकारी पाउन सकिन्छ :

- संविधान अन्तर्गतका निकाय
- ऐनद्वारा स्थापित निकाय
- नेपाल सरकारद्वारा गठित निकाय
- कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान
- प्रचलित कानुन बमोजिम दर्ता भएका राजनैतिक दल तथा सङ्गठन
- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था
- नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,
- प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।

धेरै देशहरूमा सूचनाको हकसम्बन्धी ऐनले गैरसरकारी संस्था र राजनीतिक दलहरूलाई सूचना दिन बाध्य पारेको छैन तर नेपालको कानुनले यी संस्थालाई पनि सार्वजनिक संस्था भनी परिभाषित गरेर आम नागरिकको सूचनाको पहुँचलाई व्यापक बनाएको छ ।

यस ऐन अन्तर्गत सार्वजनिक निकायबाट सम्पादन हुने सार्वजनिक महत्त्वको काम, त्यससम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत वा सामग्रीमा भएका जानकारी पाउन सकिन्छ । सो ऐनमा “लिखत” भन्नाले “लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत”... र “कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य दृश्य सामग्रीलाई समेत जनाउँदछ, ” भनिएको छ ।

यस्तैगरी, “सूचनाको हक” सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकारमा मात्र सीमित छैन। ऐनले यसको दायरा यसरी फराकिलो बनाएको छ। यसमा भनिएको छ, “सार्वजनिक निकायमा रहेको कुनै लिखित, सामग्री वा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।”

अर्थात् यस ऐनले दिएको अधिकारको उपयोग गरेर जो कोही मानिसले पनि सार्वजनिक सरोकारका विषय वा कामको अवलोकन गर्न पाउँछ। पत्रकारका लागि पनि यो अधिकार महत्त्वपूर्ण हुन्छ ।

## लिन नपाइने सूचना

यस ऐनले सार्वजनिक निकायमा रहेका सबै खालका सूचना दिने बाटो खुला गरेको छैन । निम्न प्रकृतिका सूचना नदिइने व्यवस्था गरेको छ :

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने
- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने ।

## सार्वजनिक निकायको दायित्व

यस ऐनले सार्वजनिक निकायलाई निम्न दायित्व सुम्पिएको छ :

- सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने
- सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने
- आफ्नो कामकारबाही खुला र पारदर्शी रूपमा गर्ने
- आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षण दिने ।

यस ऐन बमोजिम सार्वजनिक निकायले केही जानकारी कसैले माग्दै नमागिकन प्रकाशन गर्नुपर्छ । ती यसप्रकार छन् :

- निकायको स्वरूप र प्रकृति
- निकायको काम, कर्तव्य र अधिकार
- निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
- निकायबाट प्रदान गरिने सेवा
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
- सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
- निर्णय गर्ने प्रक्रिया र अधिकारी

- निर्णयउपर उजुरी सुन्ने अधिकारी
- सम्पादन गरेको कामको विवरण
- सूचना अधिकारी र प्रमुखको नाम र पद
- ऐन, नियम, विनियम, निर्देशिकाको सूची
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण
- तोकिए बमोजिमका अन्य विवरण ।

# सूचना प्राप्त गर्ने कार्यविधि

**कुन निकायको सूचना चाहिएको हो ?**

सूचना माग्न जानुभन्दा पहिले कुन निकायको सूचना चाहिएको हो, त्यो सार्वजनिक निकाय हो कि होइन ख्याल गर्नुपर्छ किनभने सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर सार्वजनिक निकायसँग मात्र सूचना माग्न पाइन्छ। व्यक्तिगत निकायसँग माग्न पाइँदैन।

उदाहरणका लागि, जिल्ला शिक्षा कार्यालयले गएको आर्थिक वर्षमा कुन, कुन शीर्षकमा कति रकम खर्च गऱ्यो भन्ने विवरण माग्न सकिन्छ तर कुनै एउटा निजी संस्थाले कति आम्दानी गऱ्यो अथवा कुन कुन शीर्षकमा कति रकम खर्च गऱ्यो भन्ने सूचना माग्न मिल्दैन।

**कस्तो खालको सूचना चाहिएको हो ?**

सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकलाई "सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार" भनी परिभाषित गरेको छ। यसको अर्थ हो जुन सूचना सार्वजनिक महत्त्वको छैन त्यो माग्न हुँदैन। त्यसैले तपाईंले माग्न लागेको सूचना सार्वजनिक महत्त्वको हो कि होइन भन्ने कुरा ख्याल गर्नुपर्छ।

उदाहरणका लागि, ऐनले गाविस अध्यक्ष हुनाका लागि २५ वर्ष पुगेको हुनुपर्छ भनेको छ। तर तपाईंलाई कुनै गाविस अध्यक्ष २५ वर्ष पुगेको छैन जस्तो लाग्यो भने उमेरका दृष्टिले गाविस अध्यक्षको योग्यता पुगेको छ कि छैन भनी सूचना माग्न सक्नुहोला तर उसको उमेर ३५ वा ३६ कति वर्ष हो यकिन सूचना पाउँ भनी माग्न नसकिएला। ऊ सार्वजनिक पदमा बस्न उमेरका दृष्टिले योग्य छ कि छैन भन्ने सूचना सार्वजनिक महत्त्वको विषय हुन सक्ला तर ऊ ३५ वर्षको हो कि ३६ वर्षको हो भन्ने कुरा सार्वजनिक महत्त्वको विषय होइन।

त्यस्तैगरी, सार्वजनिक निकायमा भएका सबै जानकारी पाउने अधिकार नागरिकलाई छैन। जस्तै, नेपाली सेनासँग कुन कुन हतियार, कति र कहाँ छन् भन्ने सूचना मागेर पाइँदैन। अनि नेपालको गुप्तचर विभागमा कुन पदका कतिजना कर्मचारी कहाँ कहाँ कार्यरत छन् भन्ने सूचना पनि मागेर पाइँदैन। तर शिक्षा विभागमा कुन पदका कतिजना कर्मचारी कहाँ कहाँ कार्यरत छन् भन्ने सूचना माग्दा पाउन सकिएला।

पत्रकारले सार्वजनिक निकायमा भएका सबै सूचना पाउँदैनन्। ऐनले केही सूचनासम्म नागरिकको पहुँच हुँदैन भनेर स्पष्टसँग भनेको छ जसका बारेमा यस अघिको खण्डमा उल्लेख गरिसकिएको छ।

## आफूले खोजेको जानकारी कुन निकायमा हुन्छ ?

सूचना पाउन निवेदन दिनु अघि यो कुरा यकिन गर्नुपर्छ। त्यसो नगर्दा असम्बन्धित निकायमा सूचना माग्न पुगिन्छ। यसो गर्दा सूचना माग्न जाने र सूचना दिन बसेका दुवैथरिले बेकारमा झन्झट बेहोर्नुपर्छ।

## आफूले खोजेको सूचना सो निकायले पहिल्यै प्रकाशित गरिसकेको छ कि ?

मानिलिऊँ, तपाईंलाई कुनै जिल्ला विकास समितिअन्तर्गत भएका सबै काम र तिनमा भएको खर्चको विवरण चाहिएको छ। सो काम जिविसले आफ्नो वार्षिक प्रतिवेदनमा यस अघि नै प्रकाशित गरिसकेको छ भने यस्तो सूचना लिनका लागि निवेदन दिने, पर्खने जस्ता झन्झट बेहोर्नु पर्दैन। सामान्यतया, यस्तो प्रतिवेदन निःशुल्क वितरण हुने हुनाले सूचना लिन दस्तुर तिर्नु पनि पर्दैन।

मानिलिऊँ, तपाईंले लिन खोजेको जानकारी प्रतिवेदनका रूपमा कागजमा प्रकाशित भएको छैन तर वेबसाइटमा भने राखिएको छ। वेबसाइटमा राखिएको जानकारीलाई भोलि कसैले यो प्रमाणित जानकारी होइन भन्न सक्लान भन्ने लाग्यो भने चाहिँ सोही जानकारी प्रमाणित गराउनका लागि सूचनाको माग गर्नसकिन्छ।

## विभिन्न अवस्थामा सूचना माग्ने विधि

| चरण | सूचना माग्नेले गर्नु पर्ने काम | सूचना दिनेले गर्नु पर्ने काम |
|---|---|---|
| निवेदनको चरण | • सूचना प्राप्त गर्नु पर्ने कारण र आफूलाई चाहिएको सूचनाको विवरण खुलाई सम्बन्धित सूचना अधिकृत समक्ष लिखित निवेदन दिने<br>• सूचना प्राप्त गर्न दस्तुर तिर्नु पर्ने भए तिर्ने | • सूचना अधिकृतले तत्काल दिन सकिने सूचना तत्काल दिने<br>• तत्काल दिन नसकिने खालका सूचना मागेको भए तत्काल उपलब्ध गराउन नसकिने जानकारी निवेदकलाई दिने<br>• तत्काल उपलब्ध गराउन नसकिने सूचना निवेदन दिएको पन्ध्र दिन भित्र दिने |

| | | |
|---|---|---|
| सूचना अधिकारीले सूचना नदिएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा, वा गलत सूचना दिएमा | • सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिने<br>• सूचना प्राप्त गर्न दस्तुर तिर्नु पर्ने भए तिर्ने | • प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा कार्यालय प्रमुखले निवेदकले मागेको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिने<br>• यसरी आदेश भएमा सूचना अधिकारीले निवेदकलाई सूचना दिने<br>• जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्ने<br>• जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णयगरी सोको कारण सहितको जानकारी निवेदकलाई दिने |
| प्रमुखलाई निवेदन दिएको सात दिन भित्र कुनै कारबाही नभएमा | • सो म्याद नाघेको १५ दिन भित्र राष्ट्रिय सूचना आयोग समक्ष निवेदन दिने | |
| प्रमुखले गरेको निर्णय चित्त नबुझेमा | • प्रमुखको निर्णयको जानकारी पाएको पैंतीस दिनभित्र राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन दिने | • आयोगले पुनरावेदन परेको ६० दिन भित्र निम्न काम गर्न सक्नेछ:<br>• पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्ने<br>• पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्ने |

ऐन र नियमावली संशोधन भए भने माथि दिइएका जानकारी सही नहुन सक्छन्। उदाहरणका लागि, सूचनाको हकसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७० ले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएका केही कुरा संशोधन गरेको छ। त्यसैले, माथिका विधि अपनाउनुभन्दा पहिले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीका पछिल्ला संशोधन हेर्नुहोला।

## सूचना लिन दस्तुर बुझाउनु पर्ने

यस ऐन वमोजिम सूचना पाउनका लागि निवेदन दिन दस्तुर तिर्नु पर्दैन तर आफूले मागेको सूचना पाउनका लागि तोकिएको दस्तुर बुझाउनुपर्छ । यस्तो दस्तुर सूचना दिन लागेको खर्चका आधारमा तोक्नुपर्छ भनिएको छ ।

यस्तो दस्तुर लागतभन्दा बढी भएको लागेमा राष्ट्रिय सूचना आयोग समक्ष उजुरी दिन सकिन्छ । आयोगलाई यस्तो दस्तुर बढी भएको लागेमा आयोगले दस्तुर पुनरावलोकन गर्नका लागि आदेश दिन सक्छ ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ ले प्रचलित कानुनमा छुट्टै व्यवस्था भएकोमा सोही वमोजिम हुने र त्यस्तो व्यवस्था नरहेकोमा निम्न वमोजिम हुने गरी दस्तुर तोकिएको छ :

- सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइजभएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रूपैंयाँ
- माथिकोभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाका लागि प्रति पृष्ठ दश रूपैयाँ
- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, , सीडीबापत पचास रूपैयाँ
- सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधाघण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ
- सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले नि:शुल्क उपलब्ध गराउनुपर्नेछ । (सूचनाको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७० ले पाँच पृष्ठलाई बढाएर १० पृष्ठ पुर्‍याएको छ ।)
- माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ ।

माथिको सबैभन्दा पछिल्लो वुँदाले सार्वजनिक निकायले दस्तुर निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । मानिलिऊँ, तपाईंले सूचना माग गरेको निकायमा फोटोकपी मेशिन नभएर बजारमा गएर फोटोकपी गर्नुपर्छ। त्यस बजारमा विजुलीको व्यवस्था भरपर्दो छैन । फोटोकपी गर्ने पसलले आफ्नै जेनरेटर चलाएर फोटोकपी गर्नुपर्छ र उसले प्रतिपेज रु. ५ भन्दा बढी लिन्छ भने उसले लिएको शुल्क वमोजिम दस्तुर निर्धारण गर्न सार्वजनिक निकायलाई छुट छ ।

## सजाय र क्षतिपूर्ति

सूचनाको हक कुण्ठित गर्ने प्रवृतिलाई हतोत्साहित गर्न मनासिव कारण विना सूचना नदिने, अपूरो सूचना दिने वा गलत सूचना दिने र सूचना नष्ट गर्ने सूचना अधिकारी वा कार्यालय प्रमुखलाई सजायको व्यवस्था पनि गरिएको छ। सो ऐनमा सजाय सम्बन्धी निम्न व्यवस्था छ :

१. सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारण बिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागिसम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२. सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना विना कारण समयमा उपलव्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रति दिन दुईसय रुपैयाँका दरले निजलाई जरिवाना हुनेछ ।

३. उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीका लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकृतलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

यस्तै गरी, सो ऐनले सूचना नपाउँदा, ढीलो पाउँदा, गलत सूचना पाउँदा वा सूचना नष्ट गर्दा कसैलाई हानी नोक्सानी पुगेको रहेछ भने त्यसको क्षतिपूर्तिको व्यवस्था पनि गरेको छ। क्षतिपूर्ति सम्बन्धी व्यवस्था यस्तो छ:“सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिको लागि निवदेन दिन सक्नेछ।... प्राप्त निवदेन जाँचबुझ गर्दा मनासिव देखिएमा आयोगले निवदेकलाई पर्न गएको वास्तविक हानी-नोक्सानीलाई विचार गरी मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराइदिन सक्नेछ ।”

# नेपालमा सूचनाको हकसम्बन्धी ऐनको उपयोग

नेपाली पत्रकारितामा यस ऐनको उपयोग कमै मात्रामा भएको छ। केही वर्ष पहिले *हिमाल खबरपत्रिका*का पत्रकार रामजी दाहालले पत्रकार जेपी जोशी हत्या जाँचबुझ आयोगले भ्रष्टाचार गरेको सङ्केत पाए। सो कुरा हो कि होइन भनी जाँच गर्न र हो रहेछ भने प्रमाण जुटाउन उनले सो जाँचबुझ आयोगको खर्चको विवरण र बिल भर्पाइको प्रमाणित प्रति मागे।

गृह मन्त्रालयले यस्तो सूचना दिन नमानेपछि उनले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरे। आयोगले दाहाललाई सो सूचना दिन आदेश दिएपछि उनले खर्चको विवरण र बिल भर्पाइका प्रमाणित प्रतिलिपि पाए। उनले पाएका ४८५ पृष्ठ लामो विवरणमा अनौठा र भ्रष्टाचार भएका प्रमाण फेला परे।

बिल भर्पाइका आधारमा उनले यस्तो कुरा किटानीका साथ लेख्न सके : "आयोगले इन्धनमा रु. ६ लाख ६ हजार ८१५ खर्च भएको देखाएको छ, तर गृह मन्त्रालयबाट उपलब्ध बिल भर्पाइमा यस शीर्षकमा रु. १ लाख १८ हजार ८२० को मात्र बिल पेश गरिएको छ। कतिपय बिल पत्याउनै नसकिने खालका छन्। आयोगले २ जेठ २०६६ मा एकै दिन ९६ लिटर पेट्रोलको बिल पेश गरी भुक्तानी लिएको छ। यसमध्ये प्रहरी कल्याणकोष पेट्रोल पम्प नक्सालबाट १९.३५ लिटर तथा उज्ज्वल आयल स्टोर ग्वार्कोबाट १२.९ लिका दरले छुट्टाट्टै दुईवटा बिल पेश गरिएको छ। तर ४५.१५ लिटर पेट्रोल कुन गाडीमा राखिएको हो उल्लेख छैन (दाहाल, २०७०)।"

यस ऐनको उपयोग गर्नमा गैरसरकारी संस्था पत्रकारभन्दा अगाडि छन्। सूचनाको हकका विषयमा लामो समयदेखि काम गरिरहेको संस्था फ्रिडम फोरमले झूटा एवं नक्कली मूल्य अभिवृद्धि कर बिजकबाट भएको कर छली सम्बन्धमा सरकारले गरेको अध्ययन तथा छानबिनको प्रतिवेदन अर्थ मन्त्रालयसँग माग गरेको थियो। मन्त्रालयले सो जानकारी दिन मानेन। उसले व्यक्तिगत गोपनीयताको कुरा उठाएर यस्तो जानकारी संसदलाई समेत दिन मानेको थिएन।

जानकारी नपाएपछि फ्रिडम फोरमले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्‍यो। आयोगले 'निवेदकलाई तीन दिनभित्र सो सूचना दिनू' भनी अर्थ मन्त्रालयलाई आदेश दियो।

नेपाल आयल निगमले विभिन्न व्यक्ति र संस्थालाई निःशुल्क तेल उपलब्ध गराउँदो रहेछ। फ्रिडम फोरमले सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर निःशुल्क तेल पाउने व्यक्ति र संस्थासम्बन्धी

जानकारी माग गऱ्यो । आयल निगमले यस्तो जानकारी नदिएपछि फोरमले फेरि राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरेपछि आयोगले ती सूचना दिन निगमलाई आदेश दियो ।

नेपालमा उपभोक्ताबाट उठाएको भ्याट सरकारलाई नबुझाई व्यापारी आफैँले राखेर जनताले तिरेको कर सरकारलाई नबुझाई खाने गरिँदो रहेछ । यस विषयमा खोज पत्रकारिता गर्नका लागि फ्रिडम फोरमले सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर लिएका सूचना महत्त्वपूर्ण हुन्छन् । तिनलाई कसैले होइन भन्न सक्दैन । ती सूचना पत्रकारले तयार गर्ने स्टोरीका लागि ठूलो आधार बन्छन् ।

अमेरिकी पत्रकारहरूले त्यहाँको सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर तयार गरेको खोजमूलक स्टोरी यस्तो ऐन खोज पत्रकारिता गर्नका लागि कतिसम्म उपयोगी हुन्छ भन्ने कुराको उदाहरणको हो । अमेरिकाको शुस्टर इन्स्टिच्युट फर इन्भेस्टिगेटिभ जर्नालिजम (Schuster Institute for Investigative Journalism) लाई विदेशीहरूले नेपाली बालबालिकालाई धर्मपुत्र/धर्मपुत्री बनाउँदा निकै ठूलो चलखेल हुन्छ भन्ने लागेछ । यस विषयमा स्टोरी गर्नका लागि उसका रिपोर्टर नेपाल आएनन् । उनीहरूले अमेरिकाको फ्रिडम अफ इन्फर्मेसन एक्टको उपयोग गरी विदेशीहरूले नेपाली बालबालिकालाई धर्मपुत्र/धर्मपुत्री बनाउँदा के कस्ता अनियमितता हुन्छन् भन्ने कुरा बुझे । यसका लागि उनीहरूले सन् २००६ को मार्चदेखि २००८ को सेप्टेम्बरका बीचमा काठमाडौँस्थित अमेरिकन राजदूतावास र सेक्रेटरी अफ स्टेट अफिस, वासिङटन डी.सी.का बीचमा यस विषयमा भएका पत्राचार हेर्न मागे । यस्ता पत्राचारमा नेपालमा धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी कानुनी व्यवस्थाका कमजोरी, धर्मपत्र/धर्मपुत्री बेच्ने गिरोह, यससम्बन्धी नक्कली कागजात तयार गर्ने गिरोह, यस काममा भइरहेको पैसाको कारोबार जस्ता उल्लेख थिए ।

ती पत्राचारमा नेपाल र अमेरिकाबीचका धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी विषय मात्रै थिएनन । काठमाडौँमा रहेका युरोपेली देशका राजदूतहरूले यस विषयलाई कसरी हेरेका थिए र यस क्षेत्रमा भइरहेका अनियमितता रोक्न उनीहरूले कतिसम्म कडा अडान लिएका थिए भन्ने कुरा पनि स्पष्ट छ ।

यो स्टोरी यहाँ पढ्न सकिन्छ : http://www.brandeis.edu/investigate/adoption/nepal-behind-the-scenes.html

यस स्टोरीले के देखाएको छ भने सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर पत्रकारले विभिन्न क्षेत्रमा भएका अनियमिततासम्बन्धी विषयमा स्टोरी तयार गर्नका लागि महत्त्वपूर्ण जानकारी पाउन सक्छन् । नेपालमा पनि पत्रकारले सूचनाको हकको उपयोग गरी विभिन्न सरकारी निकायमा भइरहेका अनियमितताका बारेमा स्टोरी गर्न सक्छन् । ती निकायमा भएका गलत काम गर्ने मानिसलाई नङ्ग्याउन सक्छन् । यस ऐनको उपयोग गरेर पत्रकारले राज्यका कामकारबाहीलाई पारदर्शी र सार्वजनिक पद धारण गरेका अधिकारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सक्छन् ।

# जान्नै पर्ने केही कुरा

पत्रकारिता खासगरी खोज पत्रकारिताका लागि कुनै पनि निकायका आन्तरिक स्रोत महत्त्वपूर्ण हुन्छ । त्यस्ता स्रोतले आफू कार्यरत निकायमा भइरहेका अनियमितताको सङ्केत दिन्छन, त्यस कुरालाई सही ठहऱ्याउने प्रमाण कहाँ पाइन्छ भनी जानकारी दिन्छन, कतिपय प्रमाण दिन्छन ।

सूचनाको हकसम्बन्धी ऐनले सूचना दिनुलाई यस्तो स्रोतको दायित्व भनेको छ । सो ऐनमा भनिएको छ, "सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुन बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिन सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ ।"

यस ऐनले त्यस्तो स्रोतलाई सुरक्षा प्रदान गरेको छ । ऐनमा लेखिएको छ, "...सूचना दिएको कारणले त्यस्तो सूचानादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुऱ्याउन पाइने छैन । ...सूचनादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।"

यस्तो उजुरी परेका खण्डमा आयोगले "उजुरीमा जाँचबुझ गर्दा सूचानादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउन समेत" सक्ने व्यवस्था छ ।

यस ऐनले भनेको छ, माथिको "सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य" हो ।

### लिखित निवेदन दिनुपर्ने

सूचनाको हकसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७० ले सूचना माग गर्न मौखिक निवेदन दिन सकिने व्यवस्था गरेको छ तर यस्तो सुविधा निरक्षर र वा शारीरिक रूपले लेख्न नसक्ने मानिसका लागि मात्र हो । सामान्यतया, पत्रकार यस श्रेणीमा नपर्ने हुनाले सूचना माग्नका लागि लिखित निवेदन दिनुपर्छ ।

**कारण खुलाउनु पर्ने**

सूचना माग गर्दा सो सूचना किन चाहिएको हो भन्ने कारण खुलाउनुपर्छ। यो ऐनले दिएको अधिकार आम नागरिकका लागि भएकाले पत्रकारिता पेशा निर्वाह गर्नका लागि भनी खुलाउनु पर्दैन। तर सामान्यतया, पत्रकारले आम मानिसलाई सुसूचित गराउने दायित्व पूरा गर्न जानकारी लिँदा ती जानकारी प्रकाशन/प्रसारणका लागि लिन लागिएका हुन् भनी बताउनु बेस हुन्छ किनभने पत्रकारले जति पनि जानकारी लिन्छ ती सबै प्रकाशन/प्रसारणका लागि लिन्छ नै भन्ने छैन।

निवेदन लेख्दा सूचना प्रकाशन/प्रसारणका लागि मागेको हो भनी खुलाउनु किन पनि आवश्यक छ भने सूचनाको हकसम्बन्धी ऐनमा "सूचनाको दुरुपयोग गर्न नहुने" भन्ने एउटा दफा छ। त्यसमा भनिएको छ– कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गर्नुहुँदैन।

त्यसैले व्यक्तिगत जानकारीका लागि वा प्राज्ञिक कामका लागि भनेर सूचना माग गरी पछि प्रकाशन/प्रसारणका लागि उपयोग गरेका खण्डमा "जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग" गरेको देखिन सक्छ।

प्रकाशन/प्रसारणका लागि नभनीकन लिइएका सूचना खोजमूलक स्टोरीमा उपयोग गर्नुभयो र तपाईंको स्टोरीले सम्बन्धित सार्वजनिक निकायमा बस्ने मानिसलाई अप्ठ्यारो पाऱ्यो भने उसले तपाईंसँग बदला लिने उपाय खोज्न सक्छ। उसले तपाईंले सूचना लिन उपयोग गरेको ऐनकै उपयोग गरेर तपाईंमाथि सूचानाको दुरुपयोग गरेको भनी राष्ट्रिय सूचना आयोग समक्ष उजुरी दिन सक्छ। फैसला उसका पक्षमा भयो भने ऊ ठूलो भइहाल्यो। फैसला तपाईंकै पक्षमा भयो भने पनि तपाईंले अनावश्यक झमेला झेल्नुपर्छ।

यसो नहोस् भन्नाका लागि सूचना माग गर्दा प्रकाशन/प्रसारणका लागि वा पत्रकारिता पेशाका सिलसिलामा आवश्यक परेकाले भनी उल्लेख गर्नु उपयुक्त हुन्छ। सामान्यतया, सूचना दिने निकायले आम नागरिकलाई भन्दा पत्रकारलाई प्राथमिकता दिने चलन छ। त्यसैले, पत्रकारिताका लागि भनी जानकारी माग्दा त्यति अप्ठ्यारो नहोला। आम नागरिकलाई दिनुपर्ने सबै जानकारी पत्रकारलाई दिन मिल्दैन भन्न नपाइने हुनाले पत्रकारिताका लागि भनी खुलाउँदा बेफाइदा हुँदैन।

नेपालको अन्तरिम संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने कुरा यकिन गरेको छ।

सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्बन्धी ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु गराउनुपर्छ।

सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ ।

सूचना अधिकारी र कार्यालय प्रमुखले सूचना दिएनन्, अपूरो सूचना दिए वा सूचना नष्ट गरे भने तिनका विरुद्धमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिन्छ । यस्तो पुनरावेदन दिन सूचना आयोगकै कार्यालयमा पुग्नुपर्छ भन्ने छैन । आफूले सूचना मागेको निकाय वा जिल्ला प्रशासन कार्यालय वा हुलाकमार्फत पनि यस्तो पुनरावेदन गर्न सकिन्छ ।

# खोज पत्रकारितामा सूचनाको हकको प्रभावकारी उपयोग

समाजमा भइरहेका नराम्रा काम र च्याउ खेतीका बीचमा एउटा समानता छ रे। त्यो हो, ती दुवै अध्याँरोमा फस्टाउँछन्। उज्यालो पुगेका ठाउँमा यी दुवै कुरा हुँदैनन्।

च्याउ खेती फस्टाएको कुराले खोज पत्रकारको टाउको दुखाउँदैन। तर समाजमा भइरहेका नराम्रा काम उसको चासो विषय हो। त्यसैले यस्ता काममा प्रकाश पारेर ती काम घटाउन वा हुनबाट रोक्नु पत्रकार त्यसमाथि खोज पत्रकारको प्रमुख दायित्व हो। सूचनाको हकले पत्रकारलाई आफ्नो पेशागत दायित्व पूरा गर्नमा ठूलो सहयोग गरेको छ। त्यसैले, पत्रकारका लागि यो हक एउटा नागरिकले पाएको हक मात्र होइन। नागरिकले पाएको त्यस हकलाई प्रवर्द्धन गर्ने काममा उपयोग गर्न सकिने औजार पनि हो।

खोज पत्रकारले सूचनाको माग गरिसकेपछि तिनलाई व्यक्तिले जस्तो सीमित काममा मात्र उपयोग गर्दैन। उसले त ती जानकारी आम मानिसलाई दिन्छ। यसरी हेर्दा उसले आम मानिसलाई सूचनाको हकको उपयोग गर्ने काममा मद्दत गर्छ। यसबाट अप्रत्यक्ष रूपमा आम नागरिकलाई सूचनाको हकको उपयोग गर्न प्रेरणा मिल्छ।

सूचनाको हकको उपयोग गरेर खोज पत्रकारितामार्फत खोज पत्रकारका निम्न कामलाई अझ प्रभावकारी बनाउन सकिन्छ :

### सार्वजनिक सेवालाई प्रभावकारी बनाउने

सूचनाको हकको उपयोग गरेर सूचना लिएका खण्डमा सार्वजनिक निकायले दिने सेवा कत्तिको प्रभावकारी ढङ्गले प्रवाह भएका छन् भन्ने कुरा थाहा पाइन्छ। त्यस्ता सेवा प्रभावकारी रहेनछन् भने त्यस विषयमा खोजमूलक स्टोरी तयार गरेर तिनलाई प्रभावकारी बनाउन जनमत तयार गर्न सकिन्छ।

### सार्वजनिक निकायलाई जवाफदेही बनाउने

सूचनाको हकको उपयोग गरेर प्राप्त भएका जानकारीका आधारमा सार्वजनिक निकाय र तिनमा काम गर्ने अधिकारीहरू आफ्ना कामका लागि जनताप्रति जवाफदेही छन् कि छैनन् भन्ने कुरा थाहा पाउन

सकिन्छ । उनीहरू जवाफदेही रहेनछन् भने त्यसका आधारमा खोजमूलक स्टोरी तयार गरेर तिनलाई जवाफदेही बनाउन दबाब दिन सकिन्छ ।

## विविध समूहका बीचमा रहेका असमानता हटाउने

शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विभिन्न क्षेत्रमा भिन्नभिन्न समूहले हासिल गरेका उपलब्धिसम्बन्धी सूचना माग गरेर तिनको विश्लेषण गरेका खण्डमा विभिन्न समूहका बीचमा रहेका असमानता देख्न सकिन्छ । ती असमानता देखाइदिएर, तिनलाई कम गर्नका लागि उपाय देखाइदिएर खोज पत्रकारले समाजमा विद्यमान असमानता घटाउन ठूलो योगदान दिन सक्छन् ।

## राजनीतिक दललाई जिम्मेवार र पारदर्शी बनाउने

प्रजातन्त्रमा नीति तथा कार्यक्रम निर्माण, बजेट विनियोजन र तिनको कार्यान्वयन जस्ता काममा राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । ती दलहरू पारदर्शी भएनन् भने तिनले निश्चित स्वार्थ समूह वा व्यक्तिलाई फाइदा हुने (आम मानिसलाई बेफाइदा हुने) किसिमले नीति तथा कार्यक्रम बनाउँछन् र बजेट विनियोजन गर्छन् । नेपालको सूचनाको हकसम्बन्धी ऐनको विशेषता के छ भने यसले राजनीतिक दलको आर्थिक कारोबारको विवरण माग्न पाइने व्यवस्था गरेको छ । यसले राजनीतिक दललाई पारदर्शी हुन बाध्य पारेको छ । यस ऐनलाई उपयोग गरेर दलहरूलाई पारदर्शी बनाउने काम गर्न खोज पत्रकारले बल गरेका खण्डमा सुशासन प्रवर्द्धन हुनसक्छ ।

## सेवा प्रदान गर्ने, वकालत गर्ने गैरसरकारी संस्थालाई जिम्मेवार र पारदर्शी बनाउने

धेरै गैरसरकारी संस्थाहरूले पहिले सरकारी निकायले प्रदान गरिरहेका सेवा प्रदान गर्न थालेका छन् । नीति निर्माणमा दबाब दिने काम गर्ने पनि तिनले गर्छन्। तर तिनीहरू त्यति पारदर्शी छैनन्। सूचनाको हकसम्बन्धी ऐनले गैरसरकारी संस्थालाई पनि पारदर्शी हुनुपर्ने प्रावधान राखेको छ। यस ऐनले दिएको अधिकार उपयोग गरेर खोज पत्रकारले गैरसरकारी संस्थाका बिल भौचरसम्मका कागजात माग्न सक्छन्। तिनका आधारमा ती संस्था कति नियमित छन् भनेर जाँच्न र तिनका कारोबार अनियमित हुनबाट रोक्न सकिन्छ ।

खोज पत्रकारले सूचनाको प्रवाह गर्दा सतर्क रहनुपर्छ। पत्रकारले प्रवाह गर्ने सूचनाले कसैको व्यक्तिगत सुरक्षा तथा गोपनीयतामा असर नपरोस् भन्ने कुरा ख्याल राख्नुपर्छ ।

## सूचनाको हकको उपयोग गर्ने क्रममा केही चुनौती पनि आइलाग्न सक्छन् ।

एउटा काल्पनिक उदाहरण हेरौं । मानिलिऊँ, यस पुस्तिकाको अघिल्ला खण्डमा उल्लेख गरिएको म्याद नाघेका विषादीसम्बन्धी स्टोरी तयार गर्नुपर्ने भयो । सूचनाको हकसम्बन्धी ऐन त्यति बेला नै लागू

भएको थियो भन्ने मानौँ ।

त्यस विषयमा स्टोरी गर्नका लागि तपाईंले सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्न यी कदम चाल्नुभयो :

**पहिलो कदम**

सबैभन्दा पहिले तपाईंले नेपालमा रहेका म्याद नाघेका विषादीको मात्रा र प्रकार, यसअघि नष्ट गरिएका विषादीको मात्रा र नष्ट गर्न अवलम्बन गरिएको विधिसम्बन्धी जानकारी र हाल ती विषादी राखिएका गोदामको अवस्थाको अवलोकन गर्न अनुमतिको माग गर्दै कृषि सामग्री लिमिटेड, कृषि विभाग, उद्योग मन्त्रालय, कृषि मन्त्रालयका सूचना अधिकृतहरूँग सूचना माग्नुभयो ।

ती सबै निकायका सूचना अधिकृतहरूले एकापसमा सल्लाह गरेर कानुनले दिएको अन्तिम दिन अति थोरै जानकारी दिए ।

**दोस्रो कदम**

तपाईंले ती सबै निकायका प्रमुखलाई उजुरी दिई ती सूचना पुनः माग गर्नुभयो। ती निकायका प्रमुखहरूले थप जानकारी दिन नमिल्ने बताए ।

**तेस्रो कदम**

तपाईंले सूचना नदिएको भनी राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुभयो। आयोगले ती सबै निकायलाई तीन दिनभित्रमा तपाईंले मागेका सबै जानकारी दिनु भनी आदेश दियो ।

**उनीहरूको कदम**

आफूले लुकाउन चाहेका जानकारी तपाईंलाई दिनु परेकोमा ती सबै निकायका मानिसहरू तपाईंसँग रिसाए । यति बेला जतिसुकै रिस उठे पनि उनीहरूले तपाईंलाई सूचना नदिन पाउँदैनथे । त्यसैले उनीहरूले सूचना त दिने तर तपाईं विगत तीन महिनादेखि जुन स्टोरीको पछि लाग्नुभएको छ त्यो स्टोरी बेकार बनाउने उपाय पत्ता लगाए ।

त्यो उपाय बमोजिम ती सबै निकायले आयोगले सूचना दिनका लागि तोकेको म्यादको अन्तिम दिन सूचना लिन आउनु भनी तपाईंलाई खबर गरे। यसबीचमा उनीहरूले तपाईंले खोजेका सबै जानकारी तयार पारे। तपाईंलाई सूचना दिन बोलाएको अघिल्लो दिन काठमाडौँमा पत्रकार सम्मेलन गरे जसका

बारेमा तपाईंलाई थाहा दिएनन् । सोही दिन जुन जुन सञ्चारमाध्यमका रिपोर्टरलाई काठमाडौंको पत्रकार सम्मेलनमा बोलाएका थिए त्यही त्यही सञ्चारमाध्यमका विभिन्न जिल्लास्थित रिपोर्टरलाई बोलाएर विषादी राखिएको गोदामको भ्रमण गराए ।

तपाईंलाई सूचना लिन बोलाएको दिन बिहानै तपाईंका प्रतिस्पर्धी पत्रिकामा यस विषयमा ठूला स्टोरी छापिए । तिनले यो स्टोरी तयार गर्न खासै मेहनत गर्नुपरेन । यो स्टोरी तयार गर्न तीन महिनादेखि भातपानी नभनीकन लाग्नुभएका तपाईं र तपाईंको पत्रिका चाहिँ हिस्स पर्नुपऱ्यो । अर्थात् मेहनत तपाईंले गर्नुभयो, स्टोरी अरूले छाप्न पाए ।

ती निकायले पत्रकार सम्मेलन गरेर ती सूचना दिन पाउँदैनथे भनी तपाईंले भन्न पाउनुहुन्न । पत्रकार सम्मेलनमा मलाई पनि बोलाउनुपर्थ्यो भनेर पनि तपाईंले भन्न पाउनुहुन्न ।

यति बेला तपाईंसँग चित्त बुझाउने एउटै मात्रै बाटो बाँकी रहन्छ । त्यो हो– ती निकायका मानिसहरू आफूसँग भएका सार्वजनिक महत्त्वका सूचना दिन बाध्य भए । यसले गर्दा आम नागरिकमा हानि पुग्न पाएन ।

तपाईं सूचनाको हकसम्बन्धी ऐनको अभ्यास गराउन कटिबद्ध गैरसरकारी संस्थाको मानिस भएको भए त माथिका काम हुँदा तपाईंको उद्देश्य पूरा हुन्थ्यो । तर तपाईं त खोज पत्रकार हो । तपाईंको उद्देश्य ती सूचना आम मानिससम्म पुऱ्याउनु त हो तर अरू पत्रकारमार्फत होइन, आफूमार्फत । तपाईंको सपना त अरूले ध्यान नदिएको यस्तो गम्भीर विषयमा आफूले स्टोरी गर्नु थियो । आफ्नो बाइलाइनमा स्टोरी छापेर/प्रसार गरेर ख्याति कमाउनु थियो । आफूले एक्लुसिभ स्टोरी लेख्नु/तयार गर्नु थियो जसले गर्दा अरू पत्रकार तपाईंले उठाएको विषयका पछि लाग्थे ।

यो स्टोरी गर्नका लागि तपाईंका सम्पादक/प्रकाशकले तपाईंलाई तीन महिना अरू कामबाट फुर्सद दिएका थिए । उनको उद्देश्य पनि तपाईंको जस्तै हुँदो हो । अरूले नखोजेका विषयमा खोजी गराएर स्टोरी छाप्ने/प्रसार गर्ने अनि ख्याति कमाउने । अहिले त्यही स्टोरी अरू पत्रिकामा मात्र छापिँदा/अरू सञ्चारमाध्यममा मात्र प्रसार हुँदा उनीहरूलाई कस्तो लाग्दो हो ?

त्यसैले, सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर स्टोरी तयार गर्न लाग्दा मेहनत खेर जानसक्ने डर पनि हुन्छ भन्ने कुरा पहिल्यै ख्याल गर्दा राम्रो हुन्छ ।

# पत्रकारको सुरक्षा

### बाँचिराखे मात्र पत्रकारिता गर्न सकिन्छ

अमेरिकाको वासिङटन डी.सी.मा रहेको न्यूजियमको दुई तले पर्खालमा पेशागत दायित्व निर्वाह गर्ने क्रममा मारिएका पत्रकारहरूको सम्झनामा उनीहरूको फोटोसहितको विवरण राखिएको छ । त्यस पर्खालमा संसारभरका २, ००० भन्दा बढी पत्रकारका नाम कुँदिएका छन् ।

न्यूजियमको वेबसाइटमा लेखिएको छ– पत्रकारहरूले दिनैपिच्छे खतरा भोग्नु परेको छ। केही पत्रकारलाई जानीजानी निसाना बनाइएको छ भने केही नपुग्नु पर्ने ठाउँमा, नपुग्नु पर्ने समयमा पुगेकाले मारिएका छन् । उनीहरूले प्रायश: सोचविचार गरेरै यस्तो जोखिम उठाउने गरेका छन् । यसो गर्दा कहिलेकाहीं उनीहरूको ज्यान समेत खतरामा पर्छ ।

न्यूजियममा रहेकामध्ये १० वटा नाम नेपाली पत्रकारका हुन् ।

केही वर्ष यता नेपाली पत्रकारको ज्यानमाथि खतरा बढ्दै गएको छ। रिपोर्टिङ गर्न गएकाले र रिपोर्टिङ गरेकाले नेपाली पत्रकारले ज्यान गुमाउनु परेको छ ।

यसबाहेक धम्की, कुटपिट जस्ता घटना त बारम्बार जस्तो हुन थालेका छन् ।

न्यूजियमको त्यस पर्खालको तल्लो भाग थोते परेको छ । कतै फोटा छन् भने कतै खाली छ । त्यो ठाउँ भविष्यमा मर्न सक्ने पत्रकारहरूका लागि खाली राखिएको रे ।

त्यस ठाउँमा बस्न जाने रहर कुनै पनि पत्रकारले गर्नुहुँदैन किनभने त्यहाँ बस्न पुगेपछि कसैले पनि अरूका बारेमा रिपोर्टिङ गर्न सक्दैन । ऊ अरू पत्रकारले गर्ने रिपोर्टिङको विषय मात्र हुन्छ । पत्रकार डेबिड र्‍यान्डलले ठीकै भनेका छन्– बाँचिराखे मात्र पत्रकारिता गर्न सकिन्छ (र्‍यान्डल, सन् २०११, पृ. ११०) ।

त्यसैले पत्रकारले आफ्नो ज्यानको सुरक्षामा ध्यान दिनुपर्छ ।

यत्रो वर्ष नचाहिएको सुरक्षा अहिले किन चाहियो ? नेपाली पत्रकारभन्दा असुरक्षित ठाउँमा काम गर्दाको लामो अनुभव भएका सञ्चारमाध्यमका मानिसले सुरक्षालाई धेरै महत्त्व दिएका छन् । सी.एन.एन.

न्यूज नेटवर्कका अध्यक्ष क्रिश क्रेमर (क्रेमर, २००२) ले भनेका थिए, "आफ्ना स्टाफलाई तालिम दिनु र सकेसम्म सम्भव उपाय अपनाएर सुरक्षित पार्न सी.एन.एन., बी.बी.सी. र रोयटर्स जस्ता समाचार संस्थाहरूको नैतिक दायित्व हो।"

उनले पत्रकारलाई सुरक्षासम्बन्धी तालिम दिनका लागि चाहिने खर्चको हिसाब पनि गरेका थिए– "एक हप्ते तालिम दिन र सुरक्षित पार्नका लागि एकजनालाई चार हजार डलर खर्च गर्दा सी.एन.एन.ले गर्नै पर्ने तालिमका लागि झण्डै १० लाख डलर खर्च लाग्छ।" (क्रेमर, २००२)

एकजना पत्रकार असुरक्षित भएको खबर फैलँदा त्यसको मानसिक असर सबै पत्रकारलाई पर्छ। त्यसैले सुरक्षाका उपाय नअपनाउनु आफ्नो मात्र होइन सबै पत्रकारको जीवन खतरामा पार्नु हो।

धेरै विषयका रिपोर्टिङ गर्दा पत्रकार खतरामा पर्छन्। तीमध्ये केही यसप्रकार छन् :

- लडाइँ
- हिंसात्मक जुलुस
- भुइँचालो
- बाढीपहिरो
- महामारी
- दङ्गा
- अपराधी/भ्रष्टाचार

अहिलेको नेपालको जस्तो सङ्क्रमणकालमा माथिका जस्ता विषयमा रिपोर्टिङ गर्दा अझ बढी खतरा हुन्छ किनभने यस्तो अवस्थामा सामान्यतया शान्ति सुरक्षाको अवस्था कमजोर हुन्छ। गलत काम गर्ने मानिसमाथि कारबाही नभएको देखेपछि अरू मानिस पनि गलत काम गर्न उत्साहित हुन्छन्। अरू त अरू बाढीपहिरो, भुइँचालो आदि जस्ता प्रकोपको असरका बारेमा रिपोर्टिङ गर्न जाँदा कोही बदमास निस्किएर भीडलाई पत्रकारमाथि समेत आक्रमण गर्न उक्साउन सक्छन्।

## बगाए पसिना तालिममा, बग्दैन रगत लडाइँमा

सेनालाई तालिम दिँदा यस्तो कुरा भन्ने गरिन्छ रे। अर्थात् तालिमका बेलामा अलि बढी मेहनत गऱ्यो भने लडाइँमा मर्ने खतरा कम हुन्छ। पत्रकारका हकमा पनि यस्तै कुरा लागू हुन्छ। सूचना सङ्कलनका लागि निस्कनुभन्दा पहिले अलिकति मेहनत गरेका खण्डमा पत्रकारमाथिको जोखिम घट्छ।

खोज पत्रकारिता भन्ने बित्तिकै यसले नराम्रो काम गर्ने मान्छेका कामका बारेमा प्रकाश पार्छ भन्ने बुझिन्छ। यस्तो कामका बारेमा आम मानिसलाई थाहा नहुँदा जसले फाइदा पाउँथ्यो उसले फाइदा

पाउँदैन । त्यसैले नराम्रो काम गर्ने मानिसहरू खोजमूलक स्टोरी गर्ने पत्रकारसँग रिसाउने नै भए । समाजलाई बेफाइदा पुऱ्याएर व्यक्तिगत फाइदा उपयोग गरिरहेका मानिसको अलिकति पनि चित्त दुखेन भने त खोज पत्रकारिता गरेको ठहरिएन । तर पत्रकारको ज्यानैमाथि आक्रमण गर्ने परिस्थिति उत्पन्न गराउनु पनि खोज पत्रकारिता होइन ।

यस्ता अवस्थामा रिपोर्टिङ गर्दा पत्रकारको ज्यानको सुरक्षालाई सर्वोपरि ठान्नुपर्छ । अरू पेशाका मानिसले पनि धेरै हदसम्म यसै गर्छन् ।

कुनै विषयमा खोजमूलक स्टोरी गर्न थाल्नुभन्दा पहिले रिपोर्टरले पत्रकारितासँग सम्बन्धित धेरैवटा प्रश्नको जवाफ तयार गर्नुपर्छ । ती सबै प्रश्नको चित्तबुझ्दो जवाफ दिइसकेपछि आफ्नो सुरक्षासँग सम्बन्धित एउटा प्रश्नको जवाफ दिनुपर्छ । त्यो हो– यो स्टोरी प्रकाशित/प्रसारित भएपछि तपाईंलाई अपूरणीय र गम्भीर क्षति हुने सम्भावना कत्तिको छ ?

यस प्रश्नको उत्तर दिनुभन्दा पहिले तपाईंले परिस्थितिको सही मूल्याङ्कन गर्नुपर्छ । अलिकति पनि डरछेरुवा भइयो भने उल्लेखनीय खतरा नभएका विषयको पनि रिपोर्टिङ हुँदैन जसले अन्ततः समाजमा गलत काम गर्नेलाई फाइदा पुऱ्याउँछ । अलिकति पनि बढी साहसी भइयो भने ज्यान जोखिममा पर्छ । यी दुवै अवस्था खोज पत्रकार र खोज पत्रकारिताका लागि अप्रिय हुन् ।

परिस्थितिको राम्रो विश्लेषण गर्दा यस प्रश्नको चित्तबुझ्दो जवाफ आएन भने त्यस विषयमा खोजमूलक रिपोर्टिङ गर्न हतार गर्नुहुँदैन । सामान्यतया, सम्पादकले पनि रिपोर्टरको ज्यान जोखिममा पर्न सक्ने खालका विषयमा स्टोरी गर्न अनुमति दिँदैनन् ।

यो अभ्यास लडाइँका कारणले, शान्ति सुरक्षा बिग्रेका कारणले पत्रकारको ज्यान जोखिममा पर्नुभन्दा धेरै पहिलेदेखि नेपालमा पनि हुँदै आएको छ खासगरी खोज पत्रकारिता गर्दा । जस्तै, यसै पुस्तिकाका अघिल्ला खण्डमा उल्लेख भएको गाडी तस्करीका बारेमा रिपोर्टिङ थाल्ने कि नथाल्ने भन्ने निर्णय गर्नुअघि सम्पादक र रिपोर्टरले रिपोर्टिङ गर्दा आइपर्ने जोखिमका बारेमा छलफल गरेका थिए । यस तस्करीमा संलग्न मानिसहरू राजनीतिक दलमा पनि संलग्न भएको पाइएकाले उनीहरूबाट अपूरणीय क्षति नपुग्ने निष्कर्ष निकालिएको थियो । (परिस्थितिअनुसार फरक निर्णय गर्नुपर्ने हुनसक्छ । जस्तै, माथिको स्टोरी तयार गरेका बेलामा तस्करीमा संलग्न मानिसहरू राजनीतिक दलमा पनि संलग्न भएको पाइएमा जोखिम कम भएको ठहर गर्न सकिन्थ्यो भने अहिले यो पुस्तिका लेखिएको समय वि.सं. २०७० सालमा तस्करीमा संलग्न मानिसहरू राजनीतिक दलमा पनि संलग्न भएको पाइएमा जोखिम बढी छ भन्ने निष्कर्ष निकाल्नु पर्ने हुनसक्छ ।)

जोखिम गर्नका लागि स्टोरी गर्न थाल्नुअघि नै यी प्रश्नका उत्तर खोज्नुपर्छ :

यस विषयमा रिपोर्टिङ गर्दा आफूले जानुपर्ने ठाउँको अवस्था कस्तो छ ?
(अर्थात् मास्क जस्ता सुरक्षाका उपाय नअपनाइकन जान नसकिने विषादी गोदाम, रासायनिक पदार्थ भएका ठाउँ, बर्डफ्लु जस्ता सङ्क्रमण भएका ठाउँ आदि)

त्यस ठाउँमा जाँदा के कस्ता कुराबाट खतरा पुग्न सक्छ ?
त्यस ठाउँमा जाँदा कसबाट सहयोग मिल्छ ?

जातीय वा अरू किसिमका दङ्गा, उच्छृङ्खल भीड, नेतृत्वविहीन जमातले के गर्छ, के गर्दैन भनेर भन्न सकिँदैन। यस्ता अवस्थामा मानिसले सजिलैसँग विवेक गुमाउन सक्छन्। त्यसैले यस्तो अवस्थामा अझ बढी ख्याल राख्नुपर्छ। सन् २०१३ को सेप्टेम्बरमा भारतको उत्तर प्रदेशमा फैलिएको जातीय दङ्गाको रिपोर्टिङ गर्ने क्रममा भारतीय पत्रकारले ज्यान गुमाउनु परेको थियो।

सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर तयार गरिने समाचारमा यस्ता खतरा सामान्यतया नआउन सक्छन्। तर सूचनाको हकसम्बन्धी ऐनको उपयोग गरेर कसैले गरेको बदमासीका बारेमा स्टोरी तयार गर्दा पत्रकारलाई खतरा आइलाग्न सक्छ। सङ्क्रमण कालमा त यस्तो खतरा अझ बढी हुन्छ।

यस्ता बेलामा माधव घिमिरेले लेखेको भँगेरा र भँगेरी (घिमिरे, २०५८) कविताका यी अंश सम्झनु, मनन गर्नु र त्यही अनुसार काम गर्नु जरुरी हुन्छ।

चारा चर्नु हुन्न है यताउति नहेरी
यौटा आँखो तँ हेरी अर्को आँखो म हेरी
टाप्पटिप्प कनिका टिपी हालौँ नटेरी
चुर्र गर्छ म फेरि भुर्र उड्नु तँ फेरि
जिल्ल पर्छ बिरालो हिस्स पर्छ बोहोरी
कति बाठो भँगेरा कति बाठी भँगेरी

माधव घिमिरेले यो कविता पत्रकारका लागि लेखेको हुनुपर्छ। भँगेरा र भँगेरी त निहुँ मात्र हुन्। खतरा आइलाग्ने खालका स्टोरीका लागि सूचनाको हकसम्बन्धी ऐन उपयोग गरेर वा अन्य जुनसुकै किसिमले सूचना सङ्कलन गर्दा सामान्य अवस्थामा जस्तो एकोहोरोसँगले सूचना सङ्कलनमा मात्र ध्यान दिनुहुँदैन। सूचना सङ्कलन गर्दा सतर्क हुनुपर्छ। आफूमाथि आइपर्न सक्ने खतराको मूल्याङ्कन पनि गर्नुपर्छ। सामूहिक रूपमा स्टोरी गरिरहेको भए आफ्नो टोलीका अन्य सदस्यलाई पनि आफूले गरिरहेका कामका बारेमा जानकारी दिनुपर्छ। खोज पत्रकारिता गर्दा सम्पादकसँग बारम्बार सम्पर्क गरिन्छ नै। यस्ता बेलामा अरू कुराका अतिरिक्त जोखिमको समीक्षाका साथै जोखिम कम गर्न अपनाउनुपर्ने उपायका बारेमा छलफल गर्नुपर्छ। तब मात्रै पत्रकारले भँगेरा र भँगेरीले बिरालोलाई झैँ जिल्ल र

बोहरीलाई झैं हिस्स पार्नसक्छन् । यसो नगरेका खण्डमा पत्रकार अरूको शिकार बन्नुपर्छ ।

कुनै पनि किसिमको जोखिम मोल्नुअघि डेभिड र्‍यान्डल (र्‍यान्डल, सन् २०११, पृ. ११०) ले भनेका निम्न कुरा याद राख्नुहोस् : मरेपछि पत्रकारले रिपोर्टिङ गर्न सक्दैन ।

कहिलेकाहीँ पत्रकारहरू जानकारी सङ्कलनका क्रममा उनीहरूले गर्ने व्यवहारका कारण पनि जोखिममा पर्ने गर्छन् । यस्तो जोखिम कम गर्नका लागि पत्रकारले सदैव भद्र व्यवहार गर्नुपर्छ ।

स्टोरीको प्रस्तुतिका क्रममा अशिष्ट शब्द, दृश्य र आवाज उपयोग गर्दा पनि पत्रकारमाथि जोखिम बढ्छ । यस्तो जोखिम कम गर्नका लागि यस्ता शब्द, दृश्य र आवाज उपयोग गर्नुहुँदैन ।

पत्रकारका हैसियतमा पाएका सूचना व्यक्तिगत फाइदाका लागि उपयोग गरेका खण्डमा पनि पत्रकारमाथिको जोखिम बढ्छ । यस्तो नहोस् भन्नाका लागि पत्रकारिताको पेशागत धर्म र आचारसंहिता कडाइका साथ पालना गर्नुपर्छ ।

महिला पत्रकारमाथि पुरुष पत्रकारमाथि भन्दा बढी जोखिम आइलाग्न सक्छ । महिला पत्रकारले पुरुष पत्रकारले भोग्नुपर्ने जोखिम त भोग्नु पर्न सक्छ त्यसमाथि रिपोर्टिङका क्रममा यौन दुर्व्यवहार र शोषण भोग्नुपर्ने हुनसक्छ । यस्तैगरी, कार्यस्थलमा दुर्व्यवहार भोग्नुपर्ने जोखिम पनि आइलाग्न सक्छ । यस्तो नहोस् भन्नका लागि रिपोर्टिङमा जानुभन्दा पहिले जोखिमको मूल्याङ्कन गरी ती जोखिम आइलागेका खण्डमा के गर्ने भनी तयारी गर्नुपर्छ । रिपोर्टिङका लागि एक्लै जाँदा जोखिम बढी हुन्छ जस्तो लाग्यो भने साथीसँग मिलेर स्टोरी गर्न सकिन्छ ।

सबै खालका रिपोर्टिङ गर्दाका बखतका जोखिम कम गर्ने उपायका बारेमा छलफल गर्नु यस पुस्तिकाको दायराभित्र नपर्ने भएकाले यहाँ सबै खालका जोखिम र तिनबाट जोगिने उपायका बारेमा छलफल गरिएको छैन ।

# खोज पत्रकारको आचारसंहिता

आचार भनेको आफ्ना लागि आफैँले निर्धारण गरेको आचरण, नैतिक बन्धन हो। यो काम गर्नुपर्छ, यो काम गर्न हुन्छ र यो काम गर्न हुँदैन भनी निर्धारण गरिएको सीमा हो।

पत्रकार आचारसंहिता भनेको चाहिँ पत्रकारले यो गर्न हुन्छ अनि यो गर्न हुँदैन भनी आफैँले निर्धारण गरेको आचरण वा व्यवहार हो।

नेपाल पत्रकार महासंघको सहमतिमा नेपाल प्रेस काउन्सिलले तयार गरेको आचारसंहितामा पत्रकारले निर्वाह गर्नुपर्ने दायित्वमा निम्न बुँदा उल्लेख गरिएको छ।

- प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन
- मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान
- सूचनाको हकको रक्षा र प्रचलन
- सत्यतथ्य सूचनाको सम्प्रेषण
- सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व
- गोपनीयताको हकको सम्मान
- उच्च व्यावसायिक अभ्यास
- शिष्ट व्यवहार
- गल्ती सच्याउने तत्परता
- अशक्त, असहाय, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषाभाषी र अल्पसङ्ख्यक समुदायप्रतिको दायित्व
- व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ आपसी सम्बन्ध

सो आचारसंहितामा पत्रकारले गर्न नहुने कामको सूची पनि दिइएको छ जो यसप्रकार छ :

- राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने
- सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्ने
- स्रोतको इच्छा र अनुमति विना समाचारको गोप्य स्रोत खोल्ने
- पेशागत कामका लागि लिइएका सूचना निजी स्वार्थपूर्तिका लागि उपयोग गर्ने
- जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ जस्ता आधारमा भेदभाव हुने गरी समाचार

र विचार सम्प्रेषण गर्ने
- पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्ने
- पीडित व्यक्तिको पहिचान हुने जानकारी खुलाउने
- हिंसा, आतङ्क र अपराधलाई प्रोत्साहन गर्ने
- वीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्ने
- घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्ने
- तथ्य बङ्ग्याउने
- विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्ने
- मूल स्रोत उद्धृत नगरी सामग्री पुन: प्रकाशन/प्रसारण गर्ने
- स्रोतसँग अनुचित र अमर्यादित सम्बन्ध राख्ने

अर्थात् नेपाली पत्रकारले सामूहिक रूपमा यी काम गर्दैनौं भनी आफ्ना लागि सीमा निर्धारण गरेका छन्।

यी बुँदाहरू प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित पत्रकार आचारसंहिता (संशोधित तथा परिमार्जित- २०६४) बाट लिइएका हुन्। पूर्ण विवरणका लागि सो पुस्तिका हेर्नुहोला। सो पुस्तिका प्रेस काउन्सिल नेपालको वेबसाइट http://www.presscouncilnepal.org मा पाइन्छ।

अरू देशका पत्रकार आचारसंहिताले माथिको आचारसंहितामा नसमेटिएका केही विषय पनि समेटेका छन्। एसोसिएटेड प्रेस मिडिया एडिटर्सको आचारसंहिताले महत्त्वपूर्ण विषयका बारेमा सूचना पाउने आम मानिसको हकलाई धेरै महत्त्व दिएको छ। यस हकको पूर्ण कार्यान्वयनमा पत्रकारको ठूलो भूमिका हुने कुरा पनि यस आचारसंहिता उल्लेख गरिएको छ। “पाठकहरूको प्रतिनिधि भएका नाताले आम मानिसले न्यायोचित चासो राखेका विषयमा पहरेदारको भूमिका खेल्नु समाचारपत्रको विशेष दायित्व हो, ” आचारसंहितामा भनिएको छ (एसोसिएटेड प्रेस मिडिया इडिटर्स)।

यस आचारसंहिताले दायित्व, शुद्धता, सत्यनिष्ठा र स्वतन्त्रता जस्ता कुरामा जोड दिएको छ। यसमा पत्रकार निष्पक्ष, सही, इमानदार, जिम्मेवार, स्वतन्त्र र मर्यादित हुनुपर्ने कुरा उल्लेख छ। यस आचारसंहिताका अनुसार, समाचारपत्रका कार्यक्षेत्रमा जस्तो विविधता (सामाजिक, भाषिक, आर्थिक, धार्मिक, सांस्कृतिक क्षेत्रीय आदि) छ त्यस्तै विविधता त्यसका पत्रकार र त्यसमा छापिने सामग्रीमा हुनुपर्छ भनेको छ। यो नेपालका सन्दर्भमा बिल्कुलै नयाँ खालको आचारसंहिता हो।

समाचारपत्रले कस्ता विषयलाई बढावा दिनुपर्छ भन्ने कुरा पनि यस आचारसंहितामा भनिएको छ– समाचारपत्रको सम्पादकीय नीतिले सार्वजनिक हित हुने खालका सुधारका पक्षमा आवाज उठाउनुपर्छ। अर्को बुँदा शुद्धताका बारेमा यस आचारसंहितामा भनिएको छ– समाचारपत्रले जोड नदिनु पर्ने कुरामा जोड दिने, महत्त्वपूर्ण कुरा हटाउने वा बङ्ग्याउने गल्ती र लापरबाही गर्नुहुँदैन।

पत्रकारले आफ्नो सत्यनिष्ठामा आँच आउने खालका कुनै पनि गतिविधिमा भाग लिन नपाइने कुरा पनि यसमा उल्लेख छ ।

यस्तैगरी, यस आचारसंहिताका अनुसार, पत्रकार समाचारका स्रोत, समाचार बनाउने मानिस तथा विज्ञापनदाता आदिको स्वार्थबाट प्रभावित हुनुहुँदैन ।

सोसाइटी अफ प्रोफेसनल जर्नालिस्ट्सले तयार गरेको आचारसंहितामा माथिका बाहेकका बुँदा पनि छन् । तीमध्ये केही यसप्रकार छन् (एसपीजे):

- आफूले पाएका सूचना सही छन् कि छैनन् भनी जाँच गर्नुपर्छ ।
- कसैलाई नराम्रो काम गरेको भनी आरोप लगाइएको छ भने उसलाई सफाइको मौका दिनुपर्छ ।
- कुनै स्रोतले आफ्नो पहिचान लुकाउनुपर्ने शर्त राख्यो भने उसले किन त्यसो भनेको हो भनी जान्नुपर्छ ।
- फोटो र भिडियोमा भएका जानकारीलाई बङ्ग्याउनु हुँदैन ।
- पत्रकार हुँ भनेर लिन सकिने जानकारी लिनका लागि भेष बदलेर लिनुहुँदैन । पत्रकारको परिचय दिएर जानकारी लिन नसकिएपछि भेष बदलेर जानकारी लिइएको छ भने जानकारी कसरी लिइएको हो सो कुरा स्टोरीमै बताइदिनुपर्छ ।
- कसैले लेखेको कुरा उसले लेखेको हो नभनीकन आफूले लेखेको जस्तो गरी प्रस्तुत गर्नुहुँदैन ।
- आफ्नो मूल्यमान्यता अरूमा लाद्नु हुँदैन ।
- पत्रकारसँग व्यवहार गरेको अनुभव नभएका मानिस र बालबालिकासँग कुराकानी गर्दा विशेष संवेदनशील हुनुपर्छ ।
- बालबालिका अभियुक्त भएको विषयमा रिपोर्टिङ गर्दा उनीहरूको पहिचान खुलाउनु हुन्छ कि हुँदैन भनी सतर्क हुनुपर्छ ।
- दुःखदायी घटना बेहोरेका, पीडितसँग कुराकानी गर्दा, फोटो/भिडियो खिच्दा संवेदनशील हुनुपर्छ ।
- पत्रकारले सूचना सङ्कलन गर्दा र रिपोर्टिङ गर्दा मानिसलाई हानि पुग्छ भन्ने कुरा स्वीकार गर्नुपर्छ । समाचार खोज्ने पेशा अँगाले भन्दैमा अहंकारी हुन पाइँदैन ।
- कसैमाथि औपचारिक रूपमा अभियोग लाग्नुअघि नै उसलाई पत्रकारले अभियुक्त भन्ने कि नभन्ने कुरामा पनि ख्याल गर्नुपर्छ ।
- अपराधी भएको शङ्का गरिएका व्यक्तिको पनि निष्पक्ष न्याय पाउने अधिकार हुन्छ भन्ने कुरा स्वीकार्नुपर्छ ।
- पत्रकारको सत्यनिष्ठा र विश्वसनीयतामा असर पार्ने काम गर्नुहुँदैन ।

सो आचारसंहितामा पत्रकारको दायित्वका बारेमा पनि सम्झाइएको छ । त्यसमा निम्न कुरा उल्लेख छ :

- आवाजविहीनहरूको आवाज उठाउनुपर्छ ।
- सार्वजनिक निकायका कामकारबाही गोप्य होइन खुला रूपमा गरिनुपर्छ र सरकारी रेकर्ड जोसुकैले हेर्न पाउनुपर्छ भन्ने वातावरण तयार गर्नुलाई पत्रकारको दायित्व हो भनी स्वीकार्नुपर्छ ।
- सञ्चारमाध्यमको आलोचना गर्न आम मानिसलाई प्रोत्साहन दिनुपर्छ ।
- पत्रकार र सञ्चारमाध्यमका अनैतिक काम बाहिर ल्याउनुपर्छ ।

खोज पत्रकारले पनि आम पत्रकारले मान्नुपर्ने आचारसंहिता मान्नु परिहाल्छ। त्यसमाथि थप कुरा पनि पालना गर्नुपर्छ ।

यसो किन भनिएको हो भने खोज पत्रकारिता गर्ने क्रममा केही सञ्चारमाध्यमले अपराध अनुसन्धान गर्दा गुप्तचरले अपनाउने जस्ता उपाय पनि प्रयोग गर्ने गरेका हुनसक्छन् । ती उपाय हुन् : भेष बदल्ने अर्थात् आफूलाई पत्रकारका रूपमा चिनाउँदा जानकारी पाउन नसकिने अवस्थामा आफ्नो परिचय बदलेर जानकारी लिने। अरूले नदेख्ने खालको भिडियो/अडियो रेकर्डरले दृश्य/आवाज रेकर्ड गर्ने र आफूलाई चाहिएका प्रमाण जुटाउने ।

यस्ता खालका उपाय अपनाउने कि नअपनाउने भन्ने विषयमा विवाद छ । पुलित्जर पुरस्कार दिने संस्थाले यस्ता उपाय अपनाएर स्टोरी तयार गर्नुलाई पत्रकारिता मान्दैन । त्यस्ता स्टोरीलाई पुरस्कार दिँदैन । संसारका केही सञ्चारमाध्यमले कुनै पनि हालतमा यस्ता उपाय नअपनाउने अडान लिएका छन्। केही सञ्चारमाध्यम भने कहिलेकाहीँ यस्ता उपाय अपनाउन सकिन्छ भन्छन्। जसले यस्ता उपाय आक्कलझुक्कल अपनाउन सकिन्छ भन्छन् तिनले पनि यसका लागि केही शर्त राखेका छन्। उनीहरूले यस्ता उपाय कति बेला अपनाउने र कति बेला नअपनाउने भनेर नियम बनाएका छन् ।

उनीहरूका अनुसार, यस्ता उपाय अपनाएर सङ्कलन गरिने जानकारी धेरै महत्त्वपूर्ण छन् र तिनलाई उदाङ्गो पार्दा समाजलाई पुग्ने फाइदा त्यस्ता उपाय अपनाउँदा समाजलाई पुग्ने हानिभन्दा कता हो कता बढी छ भने ती उपाय अपनाउन सकिन्छ। साथै पत्रकारले अरू सबै उपाय अपनाउँदा पनि जानकारी नपाएका अवस्थामा मात्र यस्तो तरिका मान्य हुन्छ । अरू उपाय नै नअपनाइकन यस्तो तरिका अपनाउनु हुँदैन। यस्ता उपायबाट सङ्कलित जानकारी उपयोग गरेर तयार भएका स्टोरीमा यसका बारेमा बताउनुपर्छ। जस्तै– 'ठेकेदारका भेषमा गएका रिपोर्टरलाई उनीहरूले बताए... ।'

प्रतिस्पर्धामा अरूलाई उछिन्न, खर्च र समय बचाउन यो तरिका अपनाउनु हुँदैन। अरूले यसो गरेका छन्, त्यसैले म पनि यसो गर्छु भन्न पाइँदैन। बदमासका बारेमा रिपोर्ट बनाउँदा यस्ता उपाय अपनाउन मिल्छ भन्न हुँदैन ।

खोज पत्रकारितामा सत्यतथ्यसम्बन्धी सबैभन्दा कडा मापदण्ड पालना गर्नुपर्ने मात्रै होइन यसमा अरू खालका पत्रकारितामा भन्दा बढी मात्रामा आचारसम्बन्धी दोधार उत्पन्न हुन्छ (हस्टन, २००९, पृ. १०८)।

यसको अर्थ के हो भने खोज पत्रकारले सूचना सङ्कलन गर्दा उचित किसिमले सङ्कलन गर्नुपर्छ, सत्यतथ्य भनिएका कुरा सत्यतथ्य हुनुपर्छ र सन्दर्भ पनि सही हुनुपर्छ। यसो गर्दा नैतिक मान्यता भङ्ग गर्नुहुँदैन। स्टोरी निष्पक्ष हुनुपर्छ, निन्दायोग्य हुनुहुँदैन। त्यति मात्र होइन खोज पत्रकारले कसरी रिपोर्टिङ गर्ने र रिपोर्टिङ गर्दा कस्तो व्यवहार गर्ने भन्ने कुरामा पनि ख्याल गर्नुपर्छ।

सो पुस्तकका अनुसार खोज पत्रकारले मानहानि र गोपनीयतासम्बन्धी कानुनका हरेक पक्षका बारेमा जान्नुपर्छ। कसैले सूचना दिँदा स्रोत खोल्न नपाइने शर्त राख्यो भने त्यही जानकारी अरू कसैले स्रोत खुलाएर दिन्छ कि भनी खोज्नुपर्छ।

सो पुस्तकमा केही अवस्थाका बारेमा गम्भीरतापूर्वक ध्यान दिन भनिएको छ। जस्तै, रिपोर्टर र स्रोतबीचको कुराकानी स्रोतलाई थाहा नदिइकन रेकर्ड गर्नु हुन्छ कि हुँदैन? त्यस्तैगरी, कतै जान लागेको मानिसको बाटो छेकेर कुराकानी गर्नु हुन्छ कि हुँदैन?

कुनै विषयमा जानकारी सङ्कलन गर्नका लागि लुकाएको क्यामराले खिच्छु, पत्रकारभन्दा अरू नै भेष (ग्राहक भएर, व्यापारी भएर आदि) धारण गरेर सूचना सङ्कलन गर्छु भनी निर्णय गर्नुअघि तलका कुरा सोच्नुहोस् भनी पुस्तकमा लेखिएको छ :

मानिलिनुस्, तपाईं कुनै गम्भीर विषयमा खोजमूलक स्टोरी गर्दै हुनुहुन्छ। यस कामका लागि तपाईंले आफ्नो सञ्चार गृहकै एकजना रिपोर्टरको मद्दत लिनुभयो। तर त्यो मानिस रिपोर्टर होइन रहेछ। ऊ त तपाईंले जसका बारेमा रिपोर्टिङ गर्न लाग्नुभएको हो त्यही संस्थाको कर्मचारी पो रहेछ। तपाईं कार्यरत सञ्चारमाध्यमले आफ्ना संस्थाका विरुद्ध कसरी, के कस्ता विषयमा रिपोर्टिङ गर्छ भन्ने कुरा थाहा पाउन त्यो संस्थाले उसलाई रिपोर्टरका भेषमा धेरै अघिदेखि तपाईंको सञ्चारमाध्यममा खटाएको रहेछ। तपाईंले गर्न लागेको रिपोर्टिङसम्बन्धी हरेक जानकारी, तपाईं र सम्पादक, तपाईं र ऊबीच भएका सबै कुराकानी उसले आफ्नो संस्थालाई दिँदो रहेछ।

यस्तो अवस्थामा तपाईं त्यस कामलाई कत्तिको नैतिक ठहराउनुहुन्छ? उसले अनैतिक काम गऱ्यो भन्ने लाग्छ भने भेष बदलेर, क्यामरा लुकाएर जानकारी लिने विचार कहिल्यै नगर्नुस्। अर्थात् जुन अवस्था आफूले भोग्दा नराम्रो लाग्छ, अरूलाई त्यही अवस्था भोग्न लगाउनु हुँदैन।

खोजमूलक स्टोरीको मस्यौदा तयार गरिसकेपछि त्यसका हरेक शब्द, हरेक दृश्य, हरेक आवाज जाँच गर्नुपर्छ।

हिंसापीडित मानिसहरूका बारेमा रिपोर्टिङ गर्दा सतर्कता अपनाउनुपर्छ भनी माथि नै भनिएको छ। यसभित्र हिंसा पीडित महिला पनि पर्दछन् तर हिंसापीडित महिलाका बारेमा रिपोर्टिङ गर्दा हिंसापीडित पुरुषका बारेमा रिपोर्टिङ गर्दाभन्दा बढी सतर्कता अपनाउनुपर्छ। यस्तैगरी, लैङ्गिक हिंसाका बारेमा रिपोर्टिङ गर्दा पनि पीडा भोगेका मानिसलाई थप पीडा नपुगोस् भनेर सतर्क हुनुपर्छ।

# अनुसूची १

## सूचना माग्न, उजुरी गर्न र पुनरावेदन गर्न दिनुपर्ने निवेदनको ढाँचा

(क) सूचना माग्न दिनुपर्ने निवेदनको नमुना

श्री सूचना अधिकारी
(सूचना माग्न लागिएको कार्यालयको नाम, ठेगाना)

विषय : सूचना पाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा सार्वजनिक चासोका विषयमा आम नागरिकलाई सुसूचित गर्ने पत्रकारिताको पेशागत दायित्व पूरा गर्नका लागि मलाई यस कार्यालयमा रहेका तपसिलका सूचना आवश्यक भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

मलाई आवश्यक भएका सूचनाको विवरण
१. .................................................
२. .................................................
३. .................................................

निवेदक

नाम :

ठेगाना :

टेलिफोन :

इमेल :

इति संवत्................साल.............महिना...................गते रोज ..............शुभम् ।

# अनुसूची १ (ख)

**सूचना अधिकृतले सूचना नदिएका खण्डमा कार्यालय प्रमुखलाई दिने उजुरीको ढाँचा**

श्री... (कार्यालय प्रमुखको पद, कार्यालय र ठेगाना लेख्ने)

विषयः सूचना नदिएको उजुरी।

महोदय,

उपरोक्त सम्बन्धमा . . . . कार्यालयका सूचना अधिकारीलाई तपसिलका सूचना मिति ......मा माग गर्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ बमोजिम निवेदन दिएकोमा सूचना दिन अस्वीकार गरेको/अपूरो सूचना दिएको/गलत सूचना दिएको हुनाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिम उजुरी गरेको छ। पूर्ववत् निवेदन बमोजिम निम्न सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन यो निवेदन गर्दछु।

१. ...................................................
२. ...................................................,
३. ...................................................,

सूचना अधिकारीले दिएको जानकारीको पत्रको प्रतिलिपिः
फोनः
इमेलः

इति संवत्.................साल.............महिना...................गते रोज .................शुभम्।

# अनुसूची १ (ग)

## राष्ट्रिय सूचना आयोगमा दिने निवेदनको ढाँचा

श्री राष्ट्रिय सूचना आयोगमा दिएको पुनरावेदन
मार्फत.. ... .. ... ... ... ... .कार्यालय
.. ... .. ... ... ... ... ... ... .पुनरावेदक
विरुद्ध
.. ... .. ... ....... ... प्रत्यार्थी

विषय: पुनरावेदन

.. ... .. ... ... सार्वजनिक निकायको प्रमुख श्री .. ... .. ... ... ... ... ... ...ले मिति .. ... .. ... ... मलाई/हामीलाई ... ... ... ... ... ... ... विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई/हामीलाई सो निणर्य मा चित्त नबुझेको हुँदा सो ऐनको म्याद पैंतीस दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौँ।

(क)
(ख)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झूटा ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला।

संलग्न कागजात
(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि।
(ख)
(ग)
..........................................................
पुनरावेदकको सही
इति संवत्................साल............महिना............गते रोज ............शुभम्।

# अनुसूची २ सूचनाको हकसम्बन्धी ऐन, २०६४

**प्रमाणीकरण र प्रकाशन मिति २०६४/४/५**

**व्यस्थापिका–संसदले बनाएको २०६४ सालको ऐन नं. ४**

**सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, "व्यवस्थापिका-संसदले" यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सूचनाको हकसम्बन्धी ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनुपर्छ :

(१) संविधान अन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,

(५) प्रचलित कानुन बमोजिम दर्ता भएका राजनैतिक दल तथा सङ्गठन,

(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा

सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,

(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,

(८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ख) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत वा सामग्रीको जानकारी सम्झनुपर्छ।

(ग) "सार्वजनिक महत्त्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्छ।

(घ) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनुपर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य दृश्य सामग्रीलाई समेत जनाउँदछ।

(ङ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखित, सामग्री वा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ।

(च) "सूचना अधिकारी" भन्नाले दफा ६ बमोजिम तोकिएको व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनुपर्छ।

(ज) "आयोग" भन्नाले दफा ११ बमोजिम गठन भएको राष्ट्रिय सूचना आयोग सम्झनुपर्छ।

(झ) "प्रमुख सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ञ) "सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद–२

## सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्था

**३. सूचनाको हक हुने :**

(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजानिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धित सूचना प्रवाह गरिने छैन :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनामा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुर्‍याउने। तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

**४. सार्वजनिक निकायको दायित्वः**

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो कामकारबाही खुला र पारदर्शी रूपमा गर्ने,

(घ) आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक,

प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ ।

**५. सूचनाको अद्यावधिक र प्रकाशनः**

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नु पर्नेछ :

(क) निकायको स्वरूप र प्रकृति,
(ख) निकायको काम, कर्तव्य र अधिकार,
(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,
(घ) निकायबाट प्रदान गरिने सेवा,
(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,
(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,
(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी,
(झ) सम्पादन गरेको कामको विवरण,
(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,
(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूची,
(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,
(ड) तोकिए बमोजिमका अन्य विवरण ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

**६. सूचना अधिकारीको व्यवस्थाः**

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ ।

**७. सूचना प्राप्त गर्ने कार्यविधिः**

(१) यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवदेन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सूचना अधिकारीले निवदेकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रन, भत्कन वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्परूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा कामकारबाहीको अध्ययन वा अवलोकन गर्नका लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा कामकारबाहीको अध्ययन वा अवलोकनको निमित्त मनासिब समय उपलब्ध गराउनेछ ।

(८) उपदफा (१) बमोजिम प्राप्त भएको निवदेन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्नेछ ।

**८. सूचना बापत लाग्ने दस्तुरः**

(१) दफा (७) बमोजिम सूचना माग गर्दा निवेदकले तोकिए बमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

तर कुनै सूचनाको सन्दर्भमा प्रचलित कानुनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोग समक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा उपदफा (२) विपरीत दस्तुर तोकेको देखिएमा आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्नेछ ।

**९. उजुरी दिन सक्ने**:

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा, वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवदेकद्वारा माग भए बोमिजमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

**१०. पुनरावेदन दिन सक्ने**:

(१) दफा (९) को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट

कुने लिखतको नक्कल माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले देहाय बमोजिम गर्न सक्नेछ:

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

(४) आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) आयोगले यस दफा बमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनुपर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३
## आयोगसम्बन्धी व्यवस्था

**११. आयोगसम्बन्धी व्यवस्था:**

(१) सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगका प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्तहरू रहनेछन् ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदको नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ :

(क) सभामुख - अध्यक्ष

(ख) सूचना तथा संचारमन्त्री वा राज्यमन्त्री - सदस्य

(ग) सभापति, नेपाल पत्रकार महासंघ - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ र त्यसरी नियुक्ति गर्दा कम्तीमा एकजना महिला समावेश हुनेगरी नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिको लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुसरण गर्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफरिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **योग्यताः** प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको, र

(ग) आमसञ्चार, कानुन न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी अनुभव हासिल गरेको ।

१३. **अयोग्यताः** देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुनेछ :

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(ग) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी,

(घ) कुनै राजनैतिक पदमा बहाल रहेको, र

(ङ) प्रचलित कानुन बमोजिम नियुक्तिका लागि अयोग्य भएको ।

१४. **पदावधिः**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँच वर्षको हुनेछ र निज सो पदमा पुनः नियुक्त हुन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुन सक्नेछ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै दफा ११ को उपदफा (३) बमोजिमको सिफरिस समितिले नयाँ नियुक्तिको लागि सिफरिस गर्नुपर्नेछ ।

१५. **पद रिक्त हुनेः** देहाएका अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिनेछ :

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजले प्रधानमन्त्री समक्ष राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा।

१६. **पदबाट हटाउन सक्ने:** व्यवस्थापिका-संसदको सूचना तथा संचारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ सदस्य उपस्थित भई बसेको बैठकको दुईतिहाइ बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रही रहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसदको बैठकबाट पारित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ।

तर त्यस्तो आरोप लागेको प्रमख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन।

१७. **सेवा शर्तसम्बन्धी व्यवस्था:** प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवा शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **शपथ:** आफ्नो कार्यभार सम्हाल्नुअघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्त समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथग्रहण गर्नुपर्नेछ।

१९. **आयोगको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने, (घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐन बमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र संवर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने।

(छ) सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नका लागि आवश्यकता पर्ने अन्य उपयुक्त आदेश दिने।

२०. **अधिकार प्रत्यायोजनः** आयोगले आफ्नो दफा ८ बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकार बाहेकका अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२१. **आयोगको कार्यालयः** आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ।

२२. **आयोगको कर्मचारीः** (१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन्।
(२) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ।

२३. **आयोगको खर्चः** (१) आयोगको लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ।
(२) आयोगले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत नेपाल सरकारको पूर्व स्वीकृति लिएर अन्य क्षेत्रबाट पनि प्राप्त गर्न सक्नेछ।

२४. **आयोगलाई सहयोग गर्नुपर्नेः** सार्वजनिक निकायले आयोगको कामकारबाहीमा सहयोग गर्नुपर्नेछ।

२५. **वार्षिक प्रतिवेदनः**
(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत व्यस्थापिका-संसदमा प्रस्तुत गर्नुपर्नेछ।
(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ।

२६. **नेपाल सरकारसँग सम्पर्कः** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत राख्नुपर्नेछ।

## परिच्छेद–४

## सूचनाको संरक्षणसम्बन्धी व्यवस्था

**२७. सूचनाको वर्गीकरणसम्बन्धी व्यवस्थाः**

(१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछ :

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव - सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनका लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सोको अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनका लागि निवदेन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदनउपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ ।

(५) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृतिअनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नुपर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मका लागि गोप्य राखिराख्नुपर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ ।

**२८. सूचनाको संरक्षणः**

(१) सार्वजनिक निकायले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरी राख्नुपर्नेछ ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमति विना प्रयोग गर्न हुँदैन :

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतरा निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानुन बमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,

(ग) भ्रष्टाचारको नियन्त्रण गर्ने सम्बन्धमा ।

**२९. सूचनादाताको संरक्षण:**

(१) सार्वजननिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुन बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिन सम्बन्धित सार्वजानिक निकायमा कर्मचारीको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचानादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुऱ्याउन पाइने छैन ।

(४) उपदफा (३) विपरीत हुनेगरी सूचानादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (४) बमोजिम परेका उजुरीमा जाँचबुझ गर्दा सूचानादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउन समेत आदेश दिन सक्नेछ ।

**३०. व्यक्तिगत सूचना उपलब्ध गराउने:**

(१) कुनै व्यक्तिले सार्वजननिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भए बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने र प्राप्त कार्यविधि दफा ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सूचना लिंदा दफा ८ बमोजिमको दस्तुर लाग्नेछ ।

**३१. सूचनाको दुरुपयोग गर्न नहुने:**

(१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गर्नुहुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचानाको दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोग समक्ष उजुरी गर्न सक्नेछ ।

## परिच्छेद–५

## सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

३२. **सजायः**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना विना कारण समयमा उपलव्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारबाहीका लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकृतलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनाको जुन प्रयोजनका निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३३. **क्षर्तिपूर्तिः**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना

नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिका लागि निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवदेन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवदेकलाई पर्न गएको वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्नेछ ।

३४. **पुनरावेदनः** दफा (३२) बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–६
## विविध

३५. **सूचना सच्याउन सकिनेः**

(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनका लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुख समक्ष निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

३६. **असल नियतले गरेको कामको बचाउः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको कामकारबाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन ।

३७. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची

(दफा १८ सँग सम्बन्धित)

शपथ

म... .... .... ... ... .... ... .... .... ...मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने भनी जनताद्वारा जनआन्दोलनमार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान् रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त/सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यन्वयन गर्न क्रियाशील रहनेछु।

मिति:                    हस्ताक्षर: ...................

# सूचनाको हकसम्बन्धी नियमावली २०६५

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यी नियमहरूको नाम "सूचनाको हकसम्बन्धी नियमावली, २०६५" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,
(क) "ऐन" भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ सम्झनुपर्छ ।
(ख) "सचिव" भन्नाले नियम २० बमोजिम तोकिएको आयोगको सचिव सम्झनुपर्छ ।

३. **सूचना प्रकाशन गर्नुपर्नेः** सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचना समेत सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :
(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
(ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण,
(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

४. **सूचनाबापत लाग्ने दस्तुरः**
(१) निवेदकले ऐनको दफा ७ बमोजिम सूचना माग गर्दा बुझाउनुपर्ने दस्तुरको सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहाय बमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकाय समक्ष बुझाउनुपर्नेछ :
(क) सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च

लम्बाइसम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रुपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रुपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाका लागि प्रतिडिस्केट, सीडीबापत पचास रुपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ।

तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा नि:शुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको ) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले नि:शुल्क उपलव्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुरनिर्धारण गर्न सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

(५) यस नियममा लेखिएको सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ।

## ५. पुनरावेदन दर्ता:

(१) ऐनको दफा १० को उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा आयोग समक्ष पुनरावेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत पुनरावेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत पुनरावेदन दिएकोमा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन तीन दिनभित्र आयोगमा पठाई दिनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको म्याद नाघी बुझाएको देखिएमा सचिवले सोही व्यहोरा जनाई पुनरावेदन दरपीठ गर्नु पर्नेछ ।

**६. पुनरावेदनको कारबाही र निर्णयः**

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नु पर्नेछ ।

(२) आयोग समक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र आयोगले पुनरावेदनको किनारा गर्नु पर्नेछ ।

(३) आयोगले पुनरावेदकको मागबमोजिम सम्बन्धित प्रमुखको नाममा आदेश जारी गर्ने वा पुनरावेदन खारेज गर्ने आदेश गर्दा आधार र कारण खुलाउनु पर्नेछ ।

**७. कार्यविधि निर्धारण गर्न सक्नेः**

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित प्रमुख, सूचना अधिकारी वा अन्य सम्बद्ध व्यक्तिलाई बयानका लागि आयोग समक्ष उपस्थित गराउन वा सम्बद्ध व्यक्तिबाट लिखत वा सबुद प्रमाण पेश गर्न लगाउने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि आयोगले सार्वजनिक गर्नु पर्नेछ ।

८. **आयोगको काम कारबाहीः** ऐन तथा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक आयोगको तर्फबाट गरिने सम्पूर्ण कामकारबाही आयोगको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

**९. आयोगको बैठक र निर्णयः**

(१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) प्रमुख सूचना आयुक्तको निर्देशनमा सचिवले आयोगको बैठकको मिति, समय र छलफलको विषयसूची सूचना आयुक्तलाई उपलब्ध गराउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र कम्तीमा एकजना सूचना आयुक्त वा दुईजना सूचना आयुक्त उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। यसरी बसेको बैठकमा कुनै निर्णयउपर राय बाझिएमा अनुपस्थित प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त समेत उपस्थित भएको अर्को बैठकमा पुनः पेश गर्नु पर्नेछ ।

(४) आयोगको बैठकको अध्यक्षता प्रमुख सूचना आयुक्तले गर्नेछ । प्रमुख सूचना आयुक्तकोअनुपस्थितिमा उपस्थित सूचना आयुक्तहरूमध्ये वरिष्ठ सूचना आयुक्तले बैठकको अध्यक्षता गर्नेछ र त्यसरी बैठकको अध्यक्षता गर्ने सूचना आयुक्तले प्रमुख सूचना आयुक्तको अधिकार प्रयोग गर्न सक्नेछ ।

(५) बहुमत सूचना आयुक्तहरूको राय आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. पारिश्रमिकः**

(१) प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक क्रमशः चौबीस हजार तीन सय रुपैयाँ र बाइस हजार आठ सय रुपैयाँ हुनेछ ।

तर यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली जारी हुँदाका बखत प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले खाइपाई आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ ।

**११. आवास, बिजुली, धारा र टेलिफोन सुविधाः**

(१) काठमाडौं उपत्यकाभित्र आफ्नो वा आफ्नो सगोलमा रहेको परिवारको कुनै सदस्यको नाममा घर नहुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई मासिक रूपमा घरभाडाबापत क्रमशः बाह्र हजार एक सय पचास रुपैयाँ र एघार हजार चार सय रुपैयाँ दिइनेछ ।

(२) काठमाडौं उपत्यकाभित्र आफ्नो घर हुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई घर सफाइ एवं मर्मतको निमित्त क्रमशः मासिक एक हजार पाँच सय रुपैयाँ र एक हजार दुई सय रुपैयाँ दिइनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई टेलिफोन, बिजुली र धारा सुविधाबापत मासिक एक हजार पाँच सय रुपैयाँ दिइनेछ ।

**१२. सवारी तथा इन्धन सुविधाः**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई ड्राइभरसहितको मोटर एक,

मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्ट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक एक जना हलुका सवारी चालक, मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेण्टबापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त आयोगबाट हुनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम सवारी साधनको बन्दोबस्त नभएको अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई सवारी तथा इन्धन सुविधाबापत मासिक रूपमा क्रमश: पन्ध्र हजार रुपैयाँ र बाह्र हजार रुपैयाँ दिइनेछ ।

**१३. उपचार खर्च:**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम वा वास्तविक रूपमा लागेको बिल बमोजिमको उपचार खर्चमध्ये जुन रकम कम हुन्छ सोही बमोजिमको रकम उपचार खर्चबापत दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त र सूचना आयुक्त बिरामी भई थप उपचार गर्नुपर्ने भएमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसको आधारमा नेपाल सरकारबाट उपयुक्त ठहऱ्याएको रकम थप उपचार खर्च दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको उपचारबापत आयोगले नेपाल सरकारसँग परामर्श गरी स्वास्थ्य बिमा (मेडिकल इन्सुरेन्स) को व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था भएकोमा यस नियम बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

**१४. दैनिक तथा भ्रमण भत्ता:**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा नेपालभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ता : पाँच सय रूपैयाँ

(ख) भ्रमण भत्ता : (१) उपनियम (१) बमोजिम भ्रमणमा जाँदा बास बस्नु परेमा प्रत्येक रातका लागि प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक हजार दुई सय रुपैयाँमा नबढ्ने गरी एकपटकमा बढीमा सात दिनको करको प्रयोजनका लागि दर्ता भएको होटल बिल बमोजिमको होटल खर्च दिइनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले दुर्गम क्षेत्रका कुनै जिल्लामा भ्रमण गरेबापत प्रचलित कानुन बमोजिम थप भ्रमण भत्ता पाउने भए सो समेत पाउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई आफ्नो ओहदासम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा १७५ अमेरिकी डलर दैनिक तथा भ्रमण भत्ता दिइनेछ। तर भारतको चेन्नाई, हैदरावाद, बैङ्गलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा सो दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(४) उपनियम (२) बमोजिम नेपाल बाहिर भ्रमण गर्दा यस नियमावली बमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पूरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनका लागि पाउने दैनिक भत्ताको आधा रकम मात्र दिइनेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघसंस्थाले बेहोर्ने भएमा निजले दैनिक पच्चीस अमेरिकी डलर रकम पकेट खर्चबापत पाउनेछ ।

१५. **चाडपर्व खर्चः**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वका लागि एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने प्रमुख चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

१६. **पदीय आचरणः** प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो सेवा र पद अनुकूलको आचरण पालना गर्नु पर्नेछ र त्यस्तो आचरणसम्बन्धी व्यवस्था आयोग आफैंले बनाई लागू गर्नेछ ।

१७. **बिदाः**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउने छन् ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष तीस दिनमा नबढाई

पारिश्रमिकसहितको घर बिदा लिन पाउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको बाह्र दिन बिरामी बिदा पाउनेछ ।

(४) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले घर बिदा र बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको सञ्चित रहेको घर बिदा र बिरामी बिदाबापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(५) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफू किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पारिश्रमिकसहितको किरिया बिदा पाउनेछ ।

(६) महिला प्रमुख सूचना आयुक्त वा महिला सूचना आयुक्त गर्भवती भएमा प्रसूतिको अघि र पछि गरी निजले बढीमा साठी दिन पारिश्रमिकसहितको प्रसूति बिदा एकपटक पाउनेछ ।

१८. **बिदा दिने अधिकारीः**

(१) प्रमुख सूचना आयुक्तले भैपरी आउने बिदा र पर्व बिदा आफैँले लिन सक्नेछ र अन्य बिदाहरू नेपाल सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) सूचना आयुक्तले सबै बिदाहरू प्रमुख सूचना आयुक्तबाट स्वीकृत गराउनुपर्नेछ ।

१९. **कार्यवाहक भई काम गर्नेः**

(१) प्रमुख सूचना आयुक्त बिदामा बसेको, विदेशमा गएको वा प्रमुख सूचना आयुक्तको पद रिक्त भएको अवस्थामा त्यस्तो बिदाको अवधिभर, विदेशमा गएको अवधिभर वा रिक्त पद पूर्ति नभएसम्मका लागि वरिष्ठतम् सूचना आयुक्तले कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्ने सूचना आयुक्तले लगातार पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक भई काम गरेमा त्यसरी कार्यवाहक भई काम गरेको अवधि भरका लागि प्रमुख सूचना आयुक्तले पाए सरहको पारिश्रमिक र सुविधा पाउनेछ ।

(३) यस नियमावलीको प्रयोजनका लागि वरिष्ठताको आधार कायम गर्दा नियुक्ति मितिको आधारमा गरिनेछ र सबै सूचना आयाुक्तको नियुक्ति मिति एउटै भएमा नियुक्तिको क्रमको आधारमा वरिष्ठता कायम गरिनेछ ।

२०. **सचिवसम्बन्धी व्यवस्थाः**

(१) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना सचिव रहनेछ ।

(२) नेपाल सरकारले निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रूपमा काम गर्न तोक्नेछ ।

२१. **सचिवको काम, कर्तव्य र अधिकारः सचिवको काम, कर्तव्य र अधिकार यस नियमावलीमा अन्यत्र लेखिएको अतिरिक्त देहाय बमोजिम हुनेछ :**

(क) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) आयोगमा परेका पुनरावेदन, निवेदन, उजुरी तथा अन्य प्रयोजनका लागि आवश्यक पर्ने कागजात सम्बन्धित निकायबाट झिकाउने,

(ग) पुनरावेदन, निवेदन तथा उजुरी साथ संलग्न कागजात जाँचबुझ गर्ने,

(घ) आयोगको निर्णय तथा आदेशको कार्यान्वयन गर्ने गराउने,

(ङ) आयोगको तर्फबाट अन्य कुनै निकायमा सम्पर्क गर्नुपर्ने भएमा पत्राचार गर्ने वा गराउने,

(च) आयोगमा जम्मा भएको दस्तुर तथा रकम सरकारी कोषमा जम्मा गर्न लगाउने,

(छ) आयोग समक्ष परेको पुनरावेदन, निवेदन तथा उजुरी जाँचबुझ गरी आयोग समक्ष पेश गर्ने,

(ज) आयोगको तर्फबाट गर्नुपर्ने प्रवर्द्धनात्मक कार्यहरू गर्ने वा गराउने,

(झ) आयोगको कामकारबाहीसँग सम्बन्धित तथा आयोगले तोके बमोजिमको अन्य काम गर्ने वा गराउने ।

२२. **सचिवको आदेशउपरको उजुरीः**

(१) ऐन वा यस नियमावली बमोजिम आयोग समक्ष परेको पुनरावेदन, निवेदन वा उजुरीका सम्बन्धमा सचिवले नियम ५ को उपनियम (५) बमोजिम दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश दिएको मितिले पन्ध्र दिनभित्र आयोग समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी परेमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सात दिनभित्र टुङ्गो लगाउनु पर्नेछ ।

२३. **निर्णय गर्ने वा सूचना उपलब्ध गराउने अवधिः**

(१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुङ्गो लगाई सक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी जाँचबुझ गर्दा ऐनको दफा ९ को उपदफा (२) बमोजिम उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउन पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुङ्गो लागेको मितिले बढीमा सात दनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकृतलाई आदेश दिनु पर्नेछ ।

**२४. सूचना दुरुपयोग गरेमा उजुरी गर्नेसम्बन्धी कार्यविधिः**

(१) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सो प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यसरी सूचना दुरुपयोग गरेको जानकारी भएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना प्राप्त गर्ने व्यक्तिले सूचना दुरुपयोग गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई ऐन बमोजिम सजाय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सजाय गर्नुअघि आयोगले आवश्यक ठानेमा सूचना दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोग समक्ष झिकाई बयान गराउन सक्नेछ ।

**२५. निर्देशिका जारी गर्न सक्ने:**

(१) आयोगले आफ्नो कामकारबाही सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी गरेको निर्देशिका सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

# सूचनाको हकसम्बन्धी नियमावली २०७० (दोस्रो संशोधित)

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमहरूको नाम 'सूचनाको हकसम्बन्धी '(दोस्रो संशोधन) नियमावली २०७० रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २ मा संशोधन : सूचनाको हकसम्बन्धी नियमावली २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) पछि देहायका खण्ड (क१), (क२) र (क३) थपिएका छन् ।

"(क१) "उजुरी" भन्नाले ऐनको दफा ८ को दफा २९ को उपदफा (४) वा नियम ५क बमोजिम आयोगमा परेको उजुरी सम्झनुपर्छ ।

(क२) 'निवेदन' भन्नाले ऐनको दफा २७ को उपदफा (३) र दफा ३३ को उपदफा (१) बमोजिम आयोगमा परेका निवेदन सम्झनुपर्छ ।

(क३) "समिति" भन्नाले ऐनको दफा २७ को उपदफा (१) बमोजिमको सूचना वर्गीकरणसम्बन्धी समिति सम्झानुपर्छ ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२), (ख३) र (ख४) थपिएका छन् :-

"(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण,

(ख२) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

(ख४) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।"

४. **मूल नियमावलीको नियम ४ मा संशोधन :** मूल नियमावलीको नियम ४ को उपनियम (२) मा रहेका “पाँच पृष्ठ” भन्ने शब्दको सट्टा “दश पृष्ठ” भन्ने शब्दहरू राखिएका छन् ।

५. **मूल नियमावलीमा नियम ४क. थप :** मूल नियमावलीको नियम ४ पछि देहायको नियम ४क थपिएको छ :-

“४क मौखिकरूपमा सूचना माग गर्न सक्ने :

(१) ऐनका दफा ७ बमोजिम सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर वा शारीरिकरूपले लेख्न नसक्ने भएमा निजले मौखिकरूपमा पनि सार्वजनिक निकाय समक्ष सूचना माग गर्न सक्नेछ ।

(२) कसैले उपनियम (१) बमोजिम मौखिकरूपमा सूचना माग गरेमा सम्बन्धित सूचना अधिकरीले निजतको कुरा निवेदनको रूपमा लेखी सो व्हहोरा निजलाई सुनाई त्यस्तो निवेदनमा निजको सहीछाप गराई राख्नुपर्नेछ ।”

६. **मूल नियमावलीको नियम ५ मा संशोधन :** मूल नियमावलीको नियम ५ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ :-

“(६) उपनियम (५) बमोजिम पुनरावेदन दरपीठ गरेको जानकारी सचिवले आयोग र सम्बन्धित पुनरावेदकलाई दिनुपर्नेछ ।”

७. **मूल नियमावलीमा नियम ५क थप :** मूल नियमावलीमा नियम ५ पछि देहायको नियम ५क थपिएको छ :-

**“(५क) उजुरी दिन सक्ने :**

(१) सूचना अधिकारीले सूचना माग गर्ने व्यक्तिको सूचना मागको निवेदन दर्ता नगरेको, माग गरेबमोजिमको सूचना नदिएको वा गलत सूचना दिएको विषयमा चित्त नबुझ्ने व्यक्तिले सात दिनभित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ ।”

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना मागको निवेदन दर्ता नगरेको, माग गरेबमोजिम सूचना नदिएको वा लगत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्धारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सात दिनभित्र सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रमुख समक्ष उजुरी दिँदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारबाही नभएमा सो म्याद नाघेको पन्ध्र दिनभित्र आयोगसमक्ष निवेदन दिन सकिनेछ ।

८. **मूल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

“पुनरावेदन, उजुरी तथा निवेदन उपरको कारबाही, निर्णय र कार्यान्वयन :

(१) आयोगले पुनरावेदन, उजुरी वा निवेदनको कारबाही र किनारा गर्दा पुनरावेदक, उजुरीकर्ता वा निवेदकको माग दावी, निजले पेस गरेको प्रमाण तथा अन्य सम्बद्ध प्रमाणको मूल्याङ्कनको आधारमा गर्नुपर्नेछ ।

(२) आयोगले पुनरावेदक, उजुरीकर्ता वा निवेदकको मागबमोजिम सार्वजनिक निकायको प्रमुखको नाममा कुनै आदेश जारी गर्दा वा पुनरावेदन, उजुरी वा निवेदन खारेज गर्दा आधार र काण खुलाउनुपर्नेछ ।

(३) आयोगले आफूसमक्ष पर्न आएको पुनरावेदन, उजुरी वा निवेदनउपर सुनुवाई गर्दा आवश्यकताअनुसार पक्ष विपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानुन व्यवसायीको उपस्थितिमा गर्न सक्नेछ ।

(४) आयोगले आफूसमक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र र उजुरी वा निवेदनका सम्बन्धमा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक पैंतालीस दिनभित्र किनारा लगाउनुपर्नेछ ।

(५) सचिवले आयोगबाट भएका आदेश वा निर्णय कार्यान्वयन गर्दा सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम आयोगको आदेश वा निर्णय कार्यान्वयनको लागि लेखी आएमा सम्बन्धित पदाधिकारीले एक महिनाभित्रै सो आदेश वा निर्णयको कार्यान्वयन गरी वा गराई सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(७) आयोगले ऐन बमोजिम गरेको जरिवाना असुल उपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।”

९. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

“तर उजुरी वा निवेदकको प्रारम्भिक कारबाही एकजना सूचना आयुक्तले गर्न सक्नेछ ।”

१०. **मूल नियमावलीको नियम २१ मा संशोधन** : मूल नियमावलीको नियम २१ को खण्ड (झ)मा रहेको ‘‘आयोगले” भन्ने शब्दको सट्टा “आयोगबाट प्रत्यायोजित वा” भन्ने शब्दहरू राखिएका छन्

११. **मूल नियमावलीको नियम २२ मा संशोधन** : मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेका “नियम ५ को उपनियम (५) बमोजिम” भन्ने शब्दहरू झिकिएका छन् ।

१२. **मूल नियमावलीमा नियम २४क, २४ख, २४ग र २४घ थप** : मूल नियमावलीको नियम २४ पछि देहायका नियम २४क, २४ख, २४ग र २४घ थपिएका छन् :-

"**२४क. सूचना अधिकारी तोक्ने** : सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोस्रो वा तेस्रो मुनिको अधिकारीलाई ताक्नुपर्नेछ ।

२४ख. **सम्बन्धित विशेषज्ञ तोक्नुपर्ने** : ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) बमोजिम समितिमा विशेषज्ञ सदस्य तोक्दा विषयवस्तुसँग सम्बन्धित विज्ञलाई तोक्नुपर्नेछ ।

२४ग. **सूचना वर्गीकरण गर्दा आधार र कारण खुलाउनुपर्नेछ** : (१) समितिले ऐनको दफा २७ बमोजिम कुनै सूचना गोप्य राख्नुपर्ने गरी वर्गीकरण गर्दा त्यसको कारण र आधार खुलाउनुपर्नेछ ।

(२) समितिले ऐनको दफा २७ बमोजिम सूचनाको वर्गीकरण गरेपछि त्यसको जानकारी आयोगलाई दिनुपर्नेछ ।

२४घ. **आचार संहिता बनाई लागू गर्न सक्ने** : आयोगमा कार्यरत कर्मचारीहरूको पदीय आचारसंहिता बनाई आयोगले लागु गर्न सक्नेछ ।"

१३. **मूल नियमावलीको नियम २५ मा संशोधन** : मूल नियमावलीको नियम २५ को

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) नेपाल सरकारले सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्नका लागि आयोगसँग परामर्श गरी आवश्यक निर्देशिक बनाइ जारी गर्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) वा (१क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

# अनुसूची

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**श्री राष्ट्रिय सूचना आयोगमा दिएको**

**पुनरावेदन**

मार्फत्.. … .. … … … … … … … … … … … … … … … … … … . कार्यालय

.. … .. … … … … … … … … … … … … … … … … … … … … … …

…पुनरावेदक

**विरुद्ध**

.. … .. … … … … … … … … … … … … … … … … … … … … … …

… प्रत्यर्थी

विषय: .. … .. … … … … … … … … … … … … … … … … … … … … …

… …

.. … .. … … सार्वजनिक निकायको प्रमुख श्री .. … .. … … … … … …ले मिति .. … .. … … … … … … … … … … … मा मलाई

/हामीलाई … … … … … … … विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट

मलाई /हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद पैंतीस दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झूटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजात

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

……………………

पुनरावेदकको सही

इति संवत्…………….साल…………….महिना…………….गते रोज ……………..शुभम् ।

# सन्दर्भ सूची

भट्टराई, कौशल। सन् २००३। प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स। वसन्त थापा र मोहन मैनाली (सं.)। *अव्यवस्था र अनियमितता: भ्रष्टाचारसम्बन्धी खोजमूलक लेखहरू*। ललितपुर, खोज पत्रकारिता केन्द्र, पेज ९-१४।

के. सी., शेरबहादुर। वि. सं. २०५८। गाडी तस्करीको पुरानो तरिका, नयाँ रुट।। वसन्त थापा र मोहन मैनाली (सं.)। *धराप: तस्करी, हिंसा र अराजकताका कथा*। ललितपुर, खोज पत्रकारिता केन्द्र, पेज २१-२८।

के. सी., शेरबहादुर। सन् २००३।गाडी तस्करी रोक्न यताभन्दा उता सक्रियता। वसन्त थापा र मोहन मैनाली (सं.)। अव्यवस्था र अनियमितता: भ्रष्टाचारसम्बन्धी खोजमूलक लेखकहरू। ललितपुर, खोज पत्रकारिता केन्द्र, पेज ३-८।

घिमिरे, माधव। वि. सं. २०५८। *घाम-पानी*।ललितपुर, बाल साहित्य प्रवर्द्धन केन्द्र, हिमाल एशोसिएशन।

मैनाली, मोहन (संयोजन)। वि. सं. २०६०। विषको राजनीति। काठमाडौँ, नेपाल वातावरण पत्रकार समूह।

मैनाली, मोहन (संयोजन)। वि.सं. २०६०। विषको राजनीति। काठमाडौँ: नेपाल वातावरण पत्रकार समूह।

Huston, Brant. 2009. *The Investigative Reporters' Handbook: The Guide to Documents, Databases and Techniques,* Fifth Edition. New York: Investigative Reporters and Editors, Inc.

Randall, David. 2011. *The Universal Journalist,* Fourth Edition. England: Pluto Press.

Ullmann, John and Jan Calbert. 1983. *The Reporters's Hand book: An Investigator's Guide to Documents and Techniques. New York: St. Martin's Press.*

## पत्रपत्रिका

Cramer, Chris, 2002. 'News and Its Frontlines', Outlook, April 29.

### वेबसाइट

दाहाल, रामजी । 'विना बिल भुक्तानी। http://nepalihimal.com/news.php?id=3311 (हेरेको मिति: २०७० भदौ २०) ।

Mehata, Vinod.2002 .Without Your Own Research No Tip-off is Worth It, http://www.thehoot.org/web/home/printstory.php?sid=46&pg=2 (accessed 25 September 2013)

Associated Press Media Editors. Statemet of Ethical Principles (Adopted 1994 as revision to APME Code of Ethics), , http://www.apme.com/?page=Ethics Statement, accessed on June 15, 2013.

SPJ. Code of Ethics, http://www.spj.org/ethicscode.asp, accessed on September 15, 2013.